साप्ताहिक
# गोरखा एक्सप्रेस
गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np
GORKHA EXPRESS NATIONAL WEEKLY
माटोवादीहरुको साझा पत्रिका
वर्ष ४४ अंक ४ २०८२ साउन २७ गते मंगलबार (Aug 12, 2025) मूल्य रू. १०/

## श्रीजंग शाह : जसले सर्वस्व दान गरे




यी दानवीर हुन्- श्रीजंग शाह। यी बुढाबुढीले ६ वर्ष अघि नै काठमाडौं कान्तिपथस्थित अर्बभन्दा बढी मूल्यको सवा ३ रोपनी घरजग्गासहित नेपालगञ्ज फत्तेबाल आँखा अस्पताललाई सर्वस्व दान गरेका थिए। दानवीर हुनु त श्रीजंग शाहजस्ता।

दान गर्ने प्रेरणा मातापिताबाट प्राप्त भएको हो, दान गरें। दानजस्तो ठूलो कार्य केही छैन भन्ने विश्वास गर्ने उनले आफू र पत्नी रूद्रकुमारीको मरणोपान्त घरजग्गा अस्पतालले पाउने गरी नामसारी गरिदिएका छन्। शाह फत्तेबाल आँखा अस्पतालका संरक्षक हुन्। अस्पताल अहिले १ सय ५० बेड पुगेको छ। वार्षिक डेढ लाखभन्दा बढी बिरामीको आँखा परीक्षण हुँदै आएको छ।

## शिक्षक फेरि आन्दोलित



शिक्षा मन्त्री फेरेर शिक्षा विधेयक ल्याउने प्रधानमन्त्रीको योजना सफल भएको छैन। शिक्षा विधेयक उपसमितिबाट पास भए पनि नेपाल शिक्षक महासंघले सहमति विपरित भयो भनेर पुनः आन्दोलन गर्ने मनस्थितिमा पुगेको छ। आन्दोलनका लागि भदौ सुरूमै केन्द्रीय बैठकसमेत राखी दोस्रो हप्तादेखि आन्दोलनमा जाने तैयारी गर्दैछ। प्याब्सनले भने २९ गतेदेखि आन्दोलन गर्ने चेतावनी दिएको छ।

साउन २२ मा संसदको उपसमितिले साउन २२ मा पारित गरेको विधेयक विरूद्ध शिक्षक संगठनले त्यही दिन अस्वीकार गरेर आन्दोलनको घोषणा गरेको हो। शिक्षक महासंघका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीको आक्रोश छ- यो विधेयक सरकारको प्रतिवद्धता विपरित छ। भदौ ३ र ४ गते शिक्षक महासंघले आन्दोलनको तालिका र परिचालनबारे निर्णय लिन बैठक डाकेको छ। त्यतिञ्जेल शिक्षक महासंघसँग समन्वय गरेर विधेयक तैयारी नगरे शिक्षक सडकमा उत्रने छन्।

## नेपालले विदेशमा गुप्तचरी गर्ने ?

विदेशमा गुप्तचरी गर्ने कानुन बनाउन लागेको खबर छ। एउटा जीवी राई कहाँ छ, हल्ला भएअनुसार मलेसियामा छ कि छैन ? छ भने नेपाल ल्याउन किन नसकेको ? आदि प्रश्न उठिरहेका बेलामा दौरा न सौराको खल्ती भन्ने उखान झैं नेपालले मुलुकबाहिर गुप्तचरी गर्ने कानुन ल्याउन लाग्नु आश्चर्य हो।

गुप्तचर विभाग प्रधानमन्त्री मातहत छ। देशमा अनेक हत्या, बलात्कार, मानववेचबिखन, लुटपाट, भिजिट भिसाका अनेक काण्ड भइरहेका छन्, त्यसमा गुप्तचरी गर्न नसक्ने गुप्तचर विदेशमा पनि विस्तार गर्ने भन्नु आफन्त केहीलाई विदेश घुम्ने, जाने अवसर दिनका लागि त होइन ? प्रश्न उठेको छ। जनविचार बुझ्न अपिल गरिएको 'राष्ट्रिय गुप्तचर तथा अनुसन्धानका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' मा नकारात्मक सुझावहरू धेरै गएको बुझिएको छ। यो विधेयक सरकारले संसदमा लानेछ र पास भएपछि राष्ट्रपतिबाट स्वीकृत हुनेछ र त्यसपछि कार्यान्वयनमा जानेछ। आपत्ति त के छ भने यो विधेयकमा नागरिकको फोन वा अन्य सञ्जाललाई निगरानी र अनुगमन गर्नसक्ने उल्लेख हुनु पनि हो।

## ५ पत्रकार संगठनको प्रतिकार

प्रेस सेन्टर नेपाल, समाजवादी प्रेस संगठन, नेपाल, जनपत्रकार संगठन, नेपाल, कान्तिकारी प्रेस संगठन र प्रेस नेपाल मिडिया काउन्सिल विधेयक विषयमा आपत्ति प्रकट गर्दै संयुक्त वक्तव्य जारी गरेका छन्। वक्तव्य यस्तो छ-

१. प्रतिनिधिसभाको विषयगत समितिमा छलफलमा रहेको मिडिया काउन्सिल विधेयकका महत्वपूर्ण प्रावधान सरकार नियन्त्रित र प्रतिगामी छन्। यसले पूर्ण प्रेस स्वतन्त्रतालाई सङ्कुचन गरेको छ। प्रेस स्वतन्त्रताको विश्वव्यापी मान्यता, संविधानले प्रत्याभूत गरेको पूर्ण प्रेस स्वतन्त्रता, राष्ट्रिय आमसञ्चार नीति २०७३, आमसञ्चार क्षेत्र सुधार समितिको सुझाव र सरोकारवाला पक्षसँगको समझदारीबमोजिम विधेयक संशोधन गरेर स्वतन्त्र, स्वायत्त र सक्षम मिडिया काउन्सिल स्थापना गरिनुपर्छ। सरोकारवाला पक्षसँग पर्याप्त छलफल र समझदारी गरी आवश्यक संशोधन गरेर मात्र विधेयक अगाडि बढाइनु पर्छ।

२. केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकमार्फत छापाखाना तथा प्रकाशनसम्बन्धी ऐन संशोधन गरी अनलाइन सञ्चारमाध्यम जिल्ला प्रशासन कार्यालयमा दर्ता तथा नवीकरण गर्नुपर्ने व्यवस्था घोर निन्दनीय छ। सूचना तथा प्रसारण विभाग तथा प्रदेश कानुनबमोजिम प्रदेशबाट हुँदै आएको अनलाइन सञ्चारमाध्यम प्रशासन कार्यालयमा दर्ता गर्नुपर्ने नयाँ व्यवस्था गर्नु सङ्घीयताको मूल मर्मलाई अस्वीकार र मिडियालाई नियन्त्रण गर्न खोज्नु हो। यो व्यवस्था तत्काल खारेज गरियोस्।

३. मस्यौदा तयार भइसकेको आमसञ्चारमाध्यमसम्बन्धी एकीकृत कानुन (छाता ऐन)लाई छिटोभन्दा छिटो अगाडि बढाएर अनलाइनसहित सबै प्रकारका सञ्चारमाध्यमको दर्ता, नवीकरण र नियमनलगायतका कार्यलाई व्यवस्थित गरियोस्। सञ्चारमाध्यम दर्ता तथा नवीकरणका लागि विद्यमान झन्झटिलो प्रावधानलाई छाता ऐनमार्फत सरल र सहज बनाइनु पर्छ।

४. सरकारले एकपछि अर्को प्रेस स्वतन्त्रता विरोधी कार्य गर्दै आएको छ। मिडिया काउन्सिल विधेयक र अनलाइन सञ्चारमाध्यमको दर्तासम्बन्धी नयाँ व्यवस्थाले सरकारको प्रेसप्रतिको अनुदारता र प्रेस स्वतन्त्रता विरोधी रवैयाको पुष्टि गर्छ। सञ्चारसम्बन्धी सम्पूर्ण कानुन/नीति बनाउँदा पूर्ण प्रेस स्वतन्त्रताको सम्मान गरिनुपर्छ।

५. हाम्रा साझा धारणा तथा मागको यथाशक्य छिटो सम्बोधन गर्न सरकार, संसद् र सम्बन्धित सबै पक्षको गम्भीर ध्यानाकर्षण गराउँछौं। सरोकारवालासँगको छलफलसहित हाम्रा माग सम्बोधनका लागि तत्परता नदेखाइए चरणबद्ध आन्दोलनमा जाने घोषणा गर्दछौं।

१. कमल गिरी, अध्यक्ष, प्रेस सेन्टर नेपाल
२. शम्भु श्रेष्ठ, अध्यक्ष, समाजवादी प्रेस संगठन, नेपाल
३. शेरबहादुर विश्वकर्मा, अध्यक्ष, जनपत्रकार संगठन, नेपाल
४. नारायण शर्मा, संयोजक, कान्तिकारी प्रेस संगठन
५. केशव अर्याल, सल्लाहकार, प्रेस नेपाल।

२५ साउन, २०८२

# लिपुलेक, कालापानी: छैन बहस




नेपालको चुच्चेनक्सा, संविधानमा समावेश गरियो। नक्सामा चुच्चो छ, चुच्चेक्षेत्रमा शासन भारतको स्थापित भइसक्यो। प्रधानमन्त्री केपी ओली नेपाली भूमि छाडिन्न भन्छन्, नक्सा जारी पनि उनैले गरेका हुन्। तर यसपल्ट प्रधानमन्त्री भएको १५ महिनामा पनि प्रम केपी ओलीले चुच्चे नक्साबारे एकशब्द बोलेका छैनन्।

प्रधानमन्त्री भारत भ्रमणको तैयारी गर्दैछन्। उनले यसपल्ट भारतका प्रम नरेन्द्र मोदीका सामु चुच्चेनक्सा, लिपुलेक, कालापानी, लिम्पियाधुराको प्रश्न उठाउनै पर्छ र संवाद र सहमतिका माध्यमबाट नेपाली भूभाग नेपालको हकभोगमा ल्याउने हिम्मत देखाउनै पर्छ। प्रम ओली कमजोर छैनन्, उनलाई नेपाली कांग्रेसको पूरा समर्थन छ। उनको प्रतिनिधित्व एमाले र कांग्रेसलगायतका दलको हो, सिङ्गो नेपालको आवाज प्रम ओलीले उठाउनुपर्छ। दिल्लीको बासमती चामलको बासी भात खाएर मात्र आए भने प्रम ओली, एमाले, देउवा र कांग्रेसको राजनीतिक छवि झन धमिलिने निश्चित छ। प्रम ओलीको भारत भ्रमण रहर मेट्नमा सिमित नरहोस् भन्दैछन् सबैतिर।

भारतले सकभर सीमा विवादको कुरा नेपालले नउठाओस् भन्ने चाहेको संकेत सार्वजनिक भएका छन्। भारतले नेपालका सीमा मुद्दाहरु कमजोर बनाउने रणनीतिमा काम गरिरहेको देखिन्छ।

दिल्लीले विदेश सचिवमार्फत, नेपालमा रहेका भारतीय राजदूत र अन्य स्रोत उपयोग गरेर नेपालको संविधानमा संशोधनसहित समावेश गरिएको चुच्चे नक्साका कारण नेपाल-भारतबीच अप्ठेरो अवस्था सिर्जना भएको मेसेज प्रम ओलीलाई आइरहेकै छन्। दुवै देशबीच अन्य समस्या छैनन्, सम्बन्ध राजनीतिकभन्दा पनि जनस्तरमा राम्रो छ है भन्ने भारतको धारणा रहेको छ। चुच्चे नक्साले अवरोध नल्याओस् भन्ने भारतले चाहेको छ, नेपाल मौन छ। परराष्ट्रमा भइरहेको होमवर्कमा पनि चुच्चे नक्साबारे कुनै कार्य भएको देखिदैन।

भ्रमणको समयमा भारत र नेपालका मिडियाले पनि लिपुलेक, कालापानीकै बारेमा प्रश्न गर्नेछन्, यो विषयमा के भइरहेको छ ? भन्नेछन्। यसकारण भ्रमणले दुवैक्षलाई अप्ठेरोमा पार्नसक्नेछ भन्ने भारतको चासो नेपाल छिरेको छ। यसको निकासका लागि दुवै देशका सीमा समस्यावारेमा सीमा समितिमा पठाउन राजी भएको भन्न सकिने भारतपक्षको प्रस्ताव छ। भनिन्छ, भारतको प्रस्तावमा प्रम ओली सहमत भएपछि नै निम्तो आएको र भ्रमणको होमवर्क सुरु भएको एक पुराना कूटनीतिज्ञले बताएका छन्।

सीमा समितिको बैठक सम्पन्न भएको छ, प्रम ओलीको भमणका बेलामा पनि यही समितिमा सीमा समस्या पठाएर छलफल गराउने सहमति बन्ने सम्भावना देखिन्छ। अर्थात्, प्रम ओलीको भारत भ्रमणको रहर मेटिन्छ, उनले गराएको संविधान संशोधन सहितको चुच्चे नक्साका विषयमा यो भ्रमणमा ती क्षेत्र नेपालकै हो भन्ने कुनै प्रमाण पेश गरिनेछैन। समिति सकृय होला, समितिमा कुरा उठला, समाधान कहिले हुन्छ, ती क्षेत्र नेपालको हकभोगमा कहिले आउने हो ? भन्न सकिने छैन।

नेपाल र नेपालीले चाहेको र प्रम केपी ओलीकै नेतृत्वमा सर्वसम्मत रुपमा संविधानमा समावेश गरिएको चुच्चे नक्साका विषयमा प्रम ओली भारत भ्रमणका समयमा भारतसमक्ष स्पष्ट रुपमा नेपालीको अपेक्षाको प्रतिनिधित्व होस् भन्ने हो, यसमा भ्रमणपछि स्पष्ट होला।

## सचिव र सचिवालय छ, सार्क छैन

१९८५ मा गठन गरिएको सार्क कोमामा पुगेको ९ वर्ष भइसक्यो। काठमाडौंमा सार्क सचिवालय छ, सार्क सचिव पनि कार्यरत छन् तर सार्कको कुनै कृयाकलाप हुँदैन।

सन २०२३ देखि बंगलादेशका कूटनीतिक मोहम्मद गोलाम सरवार १५औं सार्क सचिवमा नियुक्त भएका हुन्। उनी जागीर खाएर बसेका छन्, उनले कुनै क्षमता देखाउन सकेनन्। सार्क अध्यक्ष राष्ट्र नेपाल हो, नेपाल भारतको कालो छायाँमा परेकाले सार्क सकृय पार्न कूटनीतिक क्षमता देखाउन असक्षम छ। नेपाली राजनीतिक दलका नेताहरु समेत सार्क कोमामा पुगेको छ, फर्कने, नफर्कने ठेगान छैन भन्न थालेका छन्।

सार्क आतंकवादी गतिविधि नियन्त्रण, क्षेत्रीय सन्तुलन र सहयोगका लागि आवश्यक छ भन्ने विचार अनुभवी कूटनीतिज्ञहरुको छ तर भारत-पाकिस्तानको आपसी द्वन्द्वको सिकार सार्क भएको छ। सिधा भन्दा शिखर बैठक अस्वीकार गर्ने भारतले सार्कलाई हत्या गरिदिएको छ। यसकारण पनि सार्क पुनः सकृय हुन्छ भन्ने विश्वास कमजोर बन्दै गएको देखिन्छ। आठ सदस्य राष्ट्रको साझा संस्था सार्कको महत्व धेरै भएर पनि भारतले पाकिस्तानलाई एक्ल्याउन खोज्दा, पाकिस्तान आतंकवादी मुलुक हो भन्ने प्रमाणित गर्न खोज्दा सार्क मृत्युसरह नाममा सिमित हुनपुगेको देखिन्छ।

'सार्क' के हुन्छ ? कोही बताउन सक्दैनन्। मरिसकेको छैन, बाँचेको अनुभूति पनि रहेन। यस्तो संस्थालाई बचाउने प्रयत्न भएको पनि छैन। शिखर सम्मेलन गर्ने पालो पाकिस्तानको भएकोले सहमति भए केही दिनमै पाकिस्तान सम्मेलन गराउन तैयार छ भनिरहेको छ। तर भारत अघैलो बन्दा स्थिति सचिव छन्, सार्क छैनको छ।



# अमेरिकामा ट्रम्प र पुटिनवीच शिखर वार्ता




साउन ३०, अगस्त १५ मा अमेरिकी राष्ट्रपति र रूसी राष्ट्रपति ट्रम्प र पुटिनवीच शिखर वार्ता हुनेभएको छ।

यो वार्ताको अन्तर्य अमेरिकाले लगाएको ट्यारिफ र युक्रेन युद्धको अन्त्यका विषय हुनेछ। अलास्का नै किन ? जिज्ञासा धेरैको छ। अलास्का रूसी जारले ७.२ मिलियन डलरमा अमेरिकालाई बेचेको रणनीतिक क्षेत्र हो। यो क्षेत्र रूसको स्वर्ग मानिन्थ्यो र यहाँ सुनखानी पनि रहेको छ।

युक्रेन युद्ध रोक्नका लागि राष्ट्रपति ट्रम्पले राष्ट्रपति पुटिनसँग चारपटक टेलिफोन वार्ता गरिसकेका छन्। अमेरिकाले युद्ध नरोकिए कडा कदम चाल्ने चेतावनी दिएका समयमा दुवै नेतावीच भेटवार्ता तय भएको छ। अमेरिकी पूर्व राष्ट्रपति जो बाइडेनले वार्ता अस्वीकार गर्दै रूस विश्वशान्तिका लागि खतरा भन्दै युक्रेनको पक्ष लिए, हतियार र सहयोग गरेका थिए। त्यसपछि यो वार्ता हुनलागेको हो र अलास्कामा हुनलागेकोले पनि यो भेट चर्चित बनेको छ। ट्रम्पले युक्रेन-रूस युद्ध राक्ने ठूलै कसरत गरे पनि सम्भव भइरहेको छैन र सम्बन्धमा चिसोपन बढेको छ। ट्रम्पले आफू राष्ट्रपति भएको २४ घण्टामा युद्ध रोक्ने दावी गरे पनि आधावर्षमा पनि सम्भव भएको छैन। युद्ध जारी छ, रूस आक्रामक बनेको छ, अमेरिकाले युक्रेनलाई आर्थिक, प्रविधि र सैन्य सहयोग जारी राखेको छ। यथार्थमा रूसलाई कमजोर पार्नकै लागि रूससँग व्यापार गर्नेहरूमाथि ट्यारिफ बढाइरहेको छ, खासगरी भारतलाई ठूलो असर परेको देखिन्छ। मोदीले समेत ट्रम्पसँग भेट्ने भएका छन्। अमेरिकाले बेच्ने लडाकु विमान नकिन्ने घुर्की देखाएका छन्।

गत फेब्रुअरी, मार्च, मे र जुनमा पुटिनसँग वार्ता गर्दा कुरा नमिलेपछि ट्रम्प आक्रोसित भएको स्थिति छ। ट्रम्पका विशेषदूत स्टिभ विटकफले यो वार्ता सम्भव गराएका हुन्। विश्वचासो छ- १५ अगस्तको शिखर वार्ताले ३ वर्षदेखि जारी रूस-युक्रेन युद्ध रोकिएला त ? यो वार्ताको बढी चासो युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीलाई छ, उनी युरोपेली नेताहरूसँग छलफल गरिरहेका छन्। बेलायत र युरोपेली नेताहरूले युक्रेनलाई सँगै राखेर त्रीपक्षीय वार्ता गर्न जरूरी थियो भनेका छन्। यो शिखर वार्तालि युद्ध अन्त्य गराउन सके ट्रम्प सफल हुनेछन्।

# अनलाइन दर्ता : सरकारको नियतमै खोट

**रामकृष्ण अधिकारी–**

नेपालको प्रेस स्वतन्त्रता लामो संघर्ष र बलिदानको परिणाम हो । यो केवल कानुनी व्यवस्था मात्र होइन, संघीय लोकतान्त्रिक गणतन्त्रको मेरूदण्ड पनि हो । तर सरकार सञ्चारसँग सम्बन्धित कानुन निर्माण र संशोधनमा जसरी अगाडि बढ्न खोजिरहेको छ, यसले फेरि पुरानो पञ्चायतकालीन युगतिरै फर्काउने संकेत दिएको छ । मिडिया काउन्सिल विधेयकको दफा-दफामै समस्या बोकेर आएको सरकारले फेरि ‘केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०८२’ अन्तर्गत छापाखाना तथा प्रकाशन सम्बन्धी ऐन, २०४८ मा गरिएको संशोधनमा अनलाइन सञ्चारमाध्यम दर्ता, सञ्चालन र नवीकरणको जिम्मेवारी प्रमुख जिल्ला अधिकारी (सीडीओ)लाई दिने निर्णय गरेको छ । यो नियन्त्रणमुखी सोच हो । संविधानले संघ, प्रदेश र स्थानीय तहबीच स्पष्ट अधिकार बाँडफाँट गरेको छ । सञ्चार नीति र नियमनको जिम्मेवारी सञ्चार मन्त्रालय र त्यसका मातहतका निकायमा पर्छ । संविधानले नचिनेको संरचनालाई सञ्चार नियमनको केन्द्र बनाउनु केवल कानुनी त्रुटि मात्र होइन, संघीय शासनको मर्ममै प्रहार हो । यो एकतन्त्रीय पञ्चायतकालीन सोचको निरन्तरता हो, जसको उद्देश्य समाचार र विचारको स्वतन्त्र प्रवाहलाई नियन्त्रणको घेरामा राख्नु हो । अझ चिन्ताजनक कुरा के भने यो प्रावधान ल्याउँदा सरकार र संसद् दुवैले पत्रकार महासंघ लगायतका सरोकारवाला पक्षसँग कुनै गहिरो छलफल नै आवश्यक ठानेनन् ।

सरकारी दाबी एकातिर, व्यावहारिक तथ्य अर्कोतिर

सरकारले छापा सञ्चारमाध्यम जस्तै अनलाइनलाई पनि सञ्चारमाध्यमको रूपमा राज्यको ऐन कानुनमा वैधानिक उल्लेख गर्ने काम ‘केही नेपाल ऐन संशोधन गर्ने ऐन २०८२’ मार्फत भएको बताएको छ । अनलाइन सञ्चारमाध्यमलाई राज्यले कानुनतः स्वीकारेको दाबी सरकारको छ ।

तर, छापाखाना ऐन अन्तर्गत रहेर अनलाइन दर्ता प्रक्रियाका बुँदा थप गरिएपछि छापालाई एउटा र अनलाइन सञ्चारमाध्यमलाई अर्को व्यवस्था गर्ने कुरा अन्तर्विरोधी र विरोधाभाषपूर्ण छ । पत्रपत्रिका दर्ता भएपछि खारेज गर्न नपाइने र नवीकरण गर्न नपर्ने तर अनलाइनलाई नवीकरण गर्नुपर्ने जस्ता प्रावधान विभेदकारी छ । अहिलेको डिजिटल युगमा पत्रपत्रिका समेत दर्ता गर्न नपर्ने कतिपय देशको अभ्यास छ ।

सरकारको अर्को दाबी छ- यो सुविधा हो, अब जुम्ला, हुम्ला, दार्चुलाका पत्रकारहरूले अनलाइन दर्ता/नवीकरणका लागि काठमाडौं धाइरहन पर्दैन । यो झन्झटबाट मुक्त हुन्छन् । तर, व्यवहारमा भने प्रारम्भिक दर्ता सीडीओले गर्ने तर नाम जाँच र अभिलेख अद्यावधिकका लागि फेरि सूचना विभागमै धाउनुपर्ने सम्भावना छ । यसरी प्रशासनिक तहमा ‘डबल ढोका’ देखिने र अझ झन्झटिलो बन्ने खतरा पनि छ ।

अहिले पनि अनलाइन मिडिया सञ्चालनका लागि ६ ठाउँमा दर्ता गर्नुपर्ने झन्झट पत्रकारले नबेहोरेका होइनन् । अब सीडीओ कार्यालयमा दर्तासहित ७ ठाउँको झन्झटमा कुद्नुपर्ने बाध्यता सरकारले निम्त्याइदिएको छ । ‘एकद्वार’ दर्ता नीति नबनाउने र अड्डैपिच्छे दर्ता गराउनु पर्ने बाध्यकारी नियमले पनि पत्रकारलाई दुःख दिने र सञ्चारमाध्यम स्थापना र सञ्चालनमा निरूत्साहित गर्ने नियत सरकारको देखिन्छ ।

सरकारको तेस्रो दाबी छ- यो संक्रमणकालीन व्यवस्था हो । अन्य सञ्चार कानुन आएपछि दर्ता/नवीकरणलाई थप व्यवस्थित बनाइन्छ । अझ सञ्चार मन्त्रालयको त कानुन संशोधन भएको आफूलाई थाहै भएन भन्ने तर्क छ । सरकारको यस्तो दाबीमा सत्यता छैन । झण्डै दुई वर्ष संसद् र संसदीय समितिमा रहेको विधेयकका प्रावधानबारे थाहै पाइनँ भन्नु हास्यास्पद तर्क मात्र हो ।  छापाखाना तथा प्रकाशन र प्रसारण सम्बन्धी अलग-अलग कानुनलाई एकीकृत गरी आमसञ्चार क्षेत्रको छाता कानुन निर्माण गर्न र सञ्चारमाध्यमको स्थापना, प्राविधिक तथा व्यवस्थापन, नियमन एवं प्रसारण माध्यमको इजाजत र नवीकरणको कार्य गर्न राष्ट्रिय आमसञ्चार प्राधिकरणको आवश्यकता रहेको ठहर महासंघसहित सरोकारवालाहरूले गरिसकेका छन् । आमसञ्चार प्राधिकरण बनाउन राष्ट्रिय आमसञ्चार नीति, २०७३ ले पनि निर्देश गरेको थियो । त्यस अनुसारको कानुनको मसौदा सञ्चार मन्त्रालयमा अल्झेको अल्झ्यै छ ।

छाता कानुन निर्माणमा चासो नदेखाउने तर खुद्रा र अंश-अंशमा सरकार मिडियालाई कस्ने गरी कानुन संशोधनमा लाग्नुले उसको नियतमै प्रश्न छ । जबकि आमसञ्चार प्राधिकरण सम्बन्धी विधेयकको मस्यौदा तयार भएर मन्त्रालयमा त्यत्तिकै थन्केको छ । जहाँ अनलाइन सञ्चारमाध्यको परिभाषा, दर्ता, नवीकरण, दर्तापछिको प्रमाणपत्रसम्म कहाँ कसरी दिने भन्नेसम्मको व्यवस्था गरिसकिएको छ ।

नियन्त्रण कि नियमन ? गृह कि सञ्चार ?

हामी सञ्चारमाध्यमलाई नियन्त्रण गर्न खोज्दै छौं कि नियमन ? पहिला यसमा स्पष्टता चाहिन्छ । जहाँसम्म सरकारको कुरा छ, सरकारमा बस्नेहरू कुनै न कुनै रूपमा नियन्त्रण गर्न चाहिरहेका छन् । हामी सरोकारवालाहरू नियन्त्रण होइन, स्वच्छ, स्वतन्त्र र निष्पक्ष ढंगले स्वायत्त निकायमार्फत नियमनको वकालत गरिरहेका छौँ । सञ्चारमाध्यम हौं भन्दैमा स्वन्च्छदताको वकालत हामी सरोकारवालले पनि गरेका छैनौं । तर, शासकहरू अहिले घुमाउरो शैलीमा नियन्त्रण गर्ने खोजिरहेका छन् । सञ्चार क्षेत्रसँगको कामकारबाही गृह मन्त्रालयको फौजी संरचनाभित्रको प्रक्रियामा लगेर बाँध्न खोज्नु नियन्त्रणको सोच हो । सीडीओ कार्यालयमार्फत किन दर्ता, नवीकरण गर्न खोजिरहेका छौं ? हामी हाम्रै संरचना सञ्चार मन्त्रालय मातहतको जिल्ला हुलाक कार्यलयमार्फत गर्न किन चाहिरहेका छैनौ ? सरकारले किन फौजी संरचनाकै कार्यालय खोज्यो ? यसबाट पनि बुझ्न सकिन्छ सरकार नियन्त्रणको चाँजोपाँजो मिलाउन खोजिरहेको छ ।

स्थानीय तहलाई नै दर्ता/नवीकरणको अधिकार दिन सकिन्छ । पालिका तहमा अहिले निश्चित वाटको रेडियो फ्रिक्वेन्सी दर्ता गर्न पाइन्छ । सूचना तथा प्रसारण विभाग र जिल्ला हुलाकमार्फत अनलाइनका काम सजिलै गर्न सकिन्छ । तर सरकारले त्यस्तो सहज बाटो रोजेन । सरकार आफैले पत्रकार महासंघका पूर्वअध्यक्ष डा सुरेश आचार्य नेतृत्वमा गठन गरेको ‘आमसञ्चार क्षेत्र सुधार समिति’ले स्थानीय तहलाई दर्ताको अधिकार दिन भनेको आमसञ्चार प्राधिकरण विधेयकको मसौदा गर्दा उल्लेख गरेको छ । कानुन संशोधन गर्दा सरकारको नियत सफा हुन्थ्यो भने किन यसतर्फ सोच्न सकेन? अहिले पनि सूचना विभागले प्रेस पास अनलाइन फाराम भरेका आधारमा जिल्ला हुलाक कार्यालयमार्फत उपलब्ध गराउँदै आएको छ । विज्ञापन बोर्डले लोककल्याणकारी विज्ञापनवापतको बिलभरपाई लगायतको काम जिल्ला हुलाकमार्फत नै गरिरहेको छ । अनलाइन दर्ता र नवीकरण पनि त्यसै गरी हुलाकमै लैजान सकिन्थ्यो । त्यसतर्फ नसोची फौजी संरचनाभित्रैको सोच राख्नुको अर्थ सरकारको नियतमै खोट छ ।

अझ ‘उपयुक्त देखिएमा दर्ता’को अधिकार सीडीओमा राख्नु भनेको नियन्त्रणमुखी सोच हो । यसले दर्ता प्रक्रियादेखि नै अवरोध ल्याउने देखिन्छ । हुँदाहुँदा अब पुलिस रिपोर्टसम्म पहिले नै राखेर दर्ता गराउनुपर्ने अवस्था निम्त्याउन खोजिँदैछ ।

जिल्ला प्रशासन कार्यालयको कामको प्रकृति भनेकै सुरक्षा र नियन्त्रण हो । नियन्त्रणमुखी र सबैभन्दा बढी भीड हुने जिल्ला प्रशासन कार्यालयमै अर्को भीड थपेर अनलाइन दर्ता, नवीकरणजस्ता काम पनि त्यही अड्डामा सार्नुले सहज सुविधा र सहजीकरणको भन्दा गलत मनसाय राखेरै ल्याएको बुझ्न सकिन्छ । अब के ?

कानुन त आइसक्यो, अब के भन्ने प्रश्न छ । सरोकारवाला पक्षसँग व्यापक छलफल र परामर्शमा नीति निर्माण गर्ने लोकतान्त्रिक संस्कार र मान्यता विपरीत सरकार र संघीय संसदको मिलेमतोमा ल्याइएको नयाँ प्रावधान आपत्तिजनक, अस्पष्ट र अव्यावहारिक छ । एकातिर दीर्घकालीन प्रभाव पार्ने कानुनी व्यवस्था कार्यान्वयनमा आउनु, अर्कोतिर दर्ता भई सञ्चालनमा रहेका करिब पाँच हजार बढी अनलाइन सञ्चारमाध्यमको अवस्था के हुने, नवीकरण कहाँ र कसरी गर्ने भन्ने अन्योल छ ।

यो विषयलाई सरकारले केवल ‘प्राविधिक व्यवस्था’को रूपमा नहेरे हुन्छ । यसको मूलमा प्रेस स्वतन्त्रताको प्रश्न छ । सरकारले यसबारे तत्काल सरोकारवाला पक्षसँग गम्भीर र पारदर्शी छलफल गर्नुपर्छ । दर्ता/नवीकरणको अनावश्यक झन्झट हटाएर, दर्ता प्रक्रियालाई सरल, पारदर्शी र स्थानीय तहमा पहुँचयोग्य बनाउनुपर्छ । कानुन बनिसक्यो, अब सीडीओ कार्यालयमै जानु पर्छ भनेर रटान लगाइरहनु भन्दा तत्काललाई सूचना विभागले गरिरहेका यस अगाडिका प्रक्रियालाई पनि निरन्तरता दिने, कानुन अनुसारका प्रक्रियामा जान चाहेकालाई पनि त्यसमा जान दिने र छिटोभन्दा छिटो आमसञ्चारको छाता ऐन आमसञ्चार प्राधिकरणसम्वनधी विधेयक अगाडी बढाउने काम गर्न जरूरी छ । (पत्रकार महासंघका केन्द्रीय कोषाध्यक्ष)

# नेपालका बाम पार्टीहरुमा देखिएको अन्तरकलहको अवस्था



डा. केशव देवकोटा

*पूर्ब राष्ट्रपति बिद्यादेवी भण्डारीले सक्रिय राजनीतिमा फर्कनका लागि नयाँ सम्पर्क कार्यालय समेत खडा गरिसक्नु भएको छ । उहाँको संलग्नता चीन र भारतसँग बढिरहेको छ । उपरोक्त सबै घटनाक्रमहरूलाई केलाएर हेर्दा नेपालका संसदीय कम्युनिष्ट पार्टीहरूमा ब्यापक फुट र तोडफोडको अवस्था छ । यस्तै अवस्था कायम रहने होभने आगामी ०८४ को निर्वाचनसम्ममा एमाले र माओवादी केन्द्रको राजनीतिक बृत्तमा ठूलो हेरफेर हुने देखिन्छ ।*

नेपालका प्रायः अधिकांश बाम पार्टीहरुमा यतिबेला अन्तरकलह तीब्र भएको छ । यस्तै अवस्था होभने आगामी केही महिनाभित्रमा एमाले, माओवादी केन्द्र र एकीकृत समाजवादीलगायतका पार्टीहरुमा ब्यापक परिवर्तन हुने संकेतहरु देखिएका छन् । यस्तो तीब्र धुबिकरणको अवस्था यसअघि कमै देखिएको थियो । जसमा मुख्यत दुई खेमा रहेका छन् । एमाले र माओवादी केन्द्र लगायतका सातवटा बाम पार्टी तथा समूहहरु यतिबेला संसदमा रहेका छन्भने संसद बाहिर करिव एकदर्जन कम्युनिष्ट पार्टीहरु रहेको अनुमान गरिँदैछ । संसदमा रहेका कम्युनिष्ट पार्टीहरुमा पनि एमाले ०४६ को राजनीतिक परिवर्तनलगत्तै बहुदलीय जनवादको सिद्धान्तलाई अंगालेर अगाडि बढेको पार्टी होभने माओवादी केन्द्र ०६३ को परिवर्तनपछि सत्ता र शक्तिमा आएको पार्टी हो । उसले पनि ०७८ मै पार्टीको नामबाट माओवादी र सिद्धान्तबाट माओवादलाई हटाउने प्रयास गरेको थियो । अन्य समूहहरु उक्त दुई पार्टीका बीचमा रहेका छन् । यसरी संसदमा रहेका र नरहेका कम्युनिष्ट पार्टीहरुका बीचमा पनि खिचातानी छभने संसदभित्र रहेका पार्टीहरुकाबीचमा पनि खिचातानी रहेको अवस्था छ । त्यसैगरी अन्तराष्ट्रिय संलग्नताका आधारमा पनि यहाँका कम्युनिष्टहरुलाई बिभाजन गरेर हेर्नुपर्ने हुन्छ । जस्तो संसदमा रहेका कम्युनिष्ट पार्टीहरुमध्ये माओवादी केन्द्र भारतको संस्थापन पक्ष निकट रहेको घटनाक्रमहरुले स्पष्ट गरेका छन् । त्यतिमात्र नभएर माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले ०७८ मै भारतको सत्तारुढ दल भारतीय जनता पार्टीसँग लिखितरुपमै सहकार्यगर्ने बचनबद्धता जनाउनु भएको थियो । पछिल्लो समयमा भाजपाले नेपालका माओवादी केन्द्रका नेताहरुलाई पार्टीगतरुपमै दिल्ली निम्त्याएका घटनाहरु पनि रहेका छन् । सबैभन्दा गंभिर बुझ्नुपर्ने कुरा के छभने माओवादी केन्द्रको भारतका कुनैपनि कम्युनिष्ट पार्टीहरुसँग भाइचारा सम्बन्धसमेत रहेको छैन । हुन त माओवादी केन्द्रको संस्थापन पक्षको चिनियाँ कम्युनिष्ट पार्टीसँग पनि राम्रो सम्बन्ध रहेको देखिएको छैन । माओवादी केन्द्रका अध्यक्ष दाहाल नेपालको प्रधानमन्त्रि रहेको अवस्थामा नेपाल भ्रमणमा आएका चिनियाँ नेताहरुले खुलेरै चीनलाई एक्ल्याउन खोजेको टिप्पणी गरेका थिए । सो पार्टीका अध्यक्ष दाहालले नेपालमा बिवादास्पद अमेरिकी योजना एमसीसी भित्र्याउन खेलेको भूमिकाले चिनियाँहरु सशंकित भएको देखिएको छ । नेपालमा चिनियाँ योजना बिआरआईलाई लागूहुन नदिनमा नेपाली कांग्रेस र माओवादी केन्द्रको प्रमुख भूमिका रहेको मानिन्छ । अर्कोतिर एमाले कम्युनिष्ट पार्टी भएर पनि भारतको कांग्रेस आइ निकट मानिन्छ ।

त्यसैगरी चिनियाँ कम्युनिष्ट पार्टीसँग तुलनात्मकरुपमा बढी सम्बन्ध रहेको मानिएकोमा पछिल्ला दिनमा नेपाली कांग्रेससँग मिलेर सरकार गठन गरेपछि अमेरिका निकट पुगेको चर्चा गर्नेगरिएको छ । नेपालको नेपाली कांग्रेस र भारतीय कांग्रेसका बीचमासमेत अन्तर सम्बन्ध रहेका कारण नेका र एमालेले गठबन्धन बनाएका छन्भने भाजपासँग उनीहरुको सम्बन्ध खासै राम्रो देखिन सकेको छैन । जसलेगर्दा एमालेका अध्यक्ष नेतृत्वको बर्तमान सरकारप्रति भारतीय संस्थापन पक्षको राम्रो धारणा देखिएको छैन । एमालेका अध्यक्ष तथा प्रधानमन्त्रि केपी ओली आगामी भदौं ३१ गते नयाँ दिल्ली पुगेर असोज एक गतेनै काठमाडौं फिर्ता हुने प्रचार गरिए पनि हालसम्म भारतकातर्फबाट औपचारिक निम्ता प्राप्त हुन सकिरहेको छैन । भारतका विदेश सचिब बिक्रम मिश्रि आगामी भदौ एकगते नेपाल भ्रमणमा आउनुहुने भएको छ । भनिन्छ उहाँको नेपाल भ्रमणपछि मात्र नेपालका प्रधानमन्त्रिको भारत भ्रमणको सुनिश्चितता हुने छ । खासगरी नेपालमा बढ्दो अमेरिकी गतिबिधि, बर्तमान सरकारको अमेरिकापरस्त नीति र भारतसँग बढ्दो अमेरिकी दूरीलेगर्दा पनि प्रम ओलीको भारत भ्रमण अनिश्चित भएको मानिन्छ । भनिन्छ भारतीय प्रधानमन्त्रि नरेन्द्र मोदी आगामी केही दिनभित्रै रुस र चीनको भ्रमणमा जानुहुने भएको छ । त्यसैले भारतले उक्त भ्रमणपछि मात्र  नेपालसँग वार्तागर्न चाहेको छ । प्रम ओलीको भारत भ्रमणको टुंगो नलागे पनि नेपाल र भारतका अधिकारी र अन्य पक्षका नेताहरुका बीचमा छलफल र बिभिन्न किसिमका संझौताहरु हुनेक्रम भने जारी छ । भारतकै परामर्शमा नेपालको सरकारले रोजगारीका लागि भारत जाने नेपालीहरुलाई अंकुश लगाउने निर्णय गरेको छ ।

भारतीयहरुले नेपालमा निर्बाधरुपमा आउन पाउने तर नेपालीहरुले भारत जानका लागि अन्य देशमा गए सरहको प्रावधानहरु पूरा गर्नुपर्ने ब्यवस्था गरिँदैछ । तर नेपालका कुनै पनि कम्युनिष्ट पार्टीहरुले भारतको पछिल्लो नेपाल नीति र नेपाल सरकारले चालेका कमदकाबारेमा प्रश्न उठाइरहेका छैनन् । जसलेगर्दा नेपालका कतिपय कम्युनिष्ट पार्टीहरुमा अमेरिकाकासाथै भारतीय संलग्नता बढेर गएको देखिएको छ । नेपालमा लागूगराईएको संघीयता, जातीय समावेशी, धर्मनिरपेक्षता र कतिपय प्रशंगमा लोकतन्त्र र गणतन्त्रमा समेत इन्डोपश्चिमा शक्तिको संलग्नता रहेको चर्चा परिचर्चा हुँदैआएको थियो । जसलाई नेपालको माओवादी केन्द्रले आफ्नो ठूलो उपलब्धी भएको र त्यसलाई ०७२ को संविधानबाट हटाउन नहुने बताउँदै आएको थियो । तर पछिल्लो समयमा नेपालको संघीय शासनका लागि अमेरिकाको लगानी रहेको र ठूलो रकम ऋण लिइएकोभन्ने कुराहरुको रहस्य खुलेको छ । त्यो भनेको नेपालको अस्थित्वमाथि कै चुनौती हो । संसारमा कम्युनिष्टहरुलाई तुलनात्मक रुपमा देशभक्त शक्तिकारुपमा  लिने गरिन्छ । तर नेपालका प्रायः कम्युनिष्ट पार्टीहरु देशभक्त नभएर विदेशभक्त देखिन थालेका छन् । माओवादी केन्द्रलगायतका पार्टीहरुले अद्यापि ०५२-०६२ को जनयुद्धको नाम लिने गर्दछन् । तर ०५२ मा तत्कालीन माओवादीले अगाडि सारेमा ४० सूत्रीय मागको संझनासमेत गर्नेगरेका छैनन् । किनकी ति मागहरु राष्ट्रवादमा आधारित रहेका थिए । नेपाल र भारतको सीमा शिलगर्ने र यहाँ बढ्दो विदेशी हस्तक्षेप नियन्त्रणगर्ने लगायतका कतिपय कुराहरु त्यसमा समाबेश थिए । प्रधानमन्त्रि केपी ओलीको भारत भ्रमणको सन्दर्भ उठेको बेला माओवादी केन्द्रले सन् १९५० को असमान सन्धी र सीमा समस्याकाबारेमा कुरा उठाउनुपर्नेमा अन्य कुराहरु उठाएर सर्बसाधारणको ध्यानसमेत अन्यत्र मोढ्ने प्रयास गरिरहेको छ । त्यसैगरी एमालेका अध्यक्ष तथा बर्तमान प्रधानमन्त्रि केपी ओलीले नेपालको चुच्चे नक्शा र लिम्पियाधुरा तथा लिपुलेककाबारेमा  उच्चारणसमेत गर्न छोड्नु भएको छ । उपरोक्त सबै घटनाक्रमहरुलाई हेर्दा नेपालका कम्युनिष्ट पार्टीहरुमा आगामी ६-८ महिनाको अवधीमा ब्यापक तोडफोड हुने अवस्था देखिएको छ । जस्तो माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल र सो पार्टीका उपमहासचिव जनार्दन शर्मा तथा अध्यक्ष दाहाल र बरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठका बीचमा त्रिपक्षीय द्वन्द बढेर गएको छ । यसै सन्दर्भमा माओवादी केन्द्रसँग पार्टी एकताको प्रशंग चलेको माधव नेपाल नेतृत्वको एकीकृत समाजवादीको आज २७ गतेनै आकस्मिक केन्द्रिय समितिको बैठक बोलाईको छ । सो पार्टीबाट तुलनात्मकरुपमा क्रान्तिकारी ठानिएका झलनाथ खनाललगायतका नेताहरुलाई निष्काशनगर्ने वा पार्टीबाट अलग हुन बाध्यपार्ने प्रयासहरु भैरहेका छन् ।

त्यसैगरी माओवादी केन्द्रसँग पार्टी एकताको प्रशंग चलेको नेत्रबिक्रम चन्द नेतृत्वको नेकपामा पनि आन्तरिक कलह बढेर गएको देखिएको छ । एकातिर सो पार्टीका महासचिव चन्द माओवादी केन्द्र र एकीकृत समाजवादी लगायतका पार्टीका नेताहरुसँग वार्ताकोक्रममा रहनु भएको छभने अर्कातिर सोही पार्टीका प्रबक्ता खड्गबहादुर विश्वकर्माले माओवादी केन्द्रसँग पार्टी एकता हुननसक्ने बताउनु भएको छ । त्यसैगरी नेकपा(मसाल) का महामन्त्रि मोहनबिक्रम सिंह जीवनकै उत्तरार्द्धमा संसदीय राजनीतिप्रति बढी आकर्षित हुनुभएको देखिएको छ । उहाँले गत सातामात्र अर्धभूमिगत जीवन परित्याग गरेर खुल्ला हुनुभएको थियो । त्यसैगरी एमालेकी पूर्ब उपाध्यक्ष तथा पूर्ब राष्ट्रपति बिद्यादेवी भण्डारीले सक्रिय राजनीतिमा फर्कनका लागि नयाँ सम्पर्क कार्यालय समेत खडा गरिसक्नु भएको छ । उहाँको अन्तराष्ट्रिय संलग्नता चीन र भारतसँग बढिरहेको देखिएको छ । उपरोक्त सबै घटनाक्रमहरुलाई केलाएर हेर्दा नेपालका संसदीय कम्युनिष्ट पार्टीहरुमा ब्यापक फुट र तोडफोडको अवस्था सिर्जना भैसकेको छ । यस्तै अवस्था कायम रहने होभने आगामी ०८४ को निर्वाचनसम्ममा एमाले र माओवादी केन्द्रको राजनीतिक बृत्तमा धेरै ठूलो हेरफेर हुने देखिएको छ । जुन हेरफेरले नेपालमा बिद्यमान राजनीतिक ब्यवस्थालाई समेत संकटतर्फ धकेल्ने देखिन्छ । त्यसैले नेपालको देशभक्त शक्तिले देशका पछिल्ला राजनीतिक घटनाक्रमहरुलाई शुक्ष्म ढंगले ब्याख्या र बिश्लेषण गरेर कमद चाल्नु जरुरी भएको छ ।

सुरक्षित पानी, स्वस्थ जीन्दगानी
सफा रहौं, स्वस्थ बनौं

पानीजन्य रोग र सरसफाइको कमजोर अवस्थाबाट बच्न खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी तपसिलका क्रियाकलाप प्रवर्द्धन गर्नुहुन अनुरोध गर्दछौं ।

- सुरक्षित पानी पिउँ, यदि सुरक्षित नलागेमा पानी शुद्धीकरणका घरेलु विधि: उमाल्ने, क्लोरिन गर्ने, फिल्टरिङ गर्ने आदि विधि प्रयोग गरी मात्र पानी पिउँ ।
- ट्युबेलको वरीपरी सफा राखौं, दैनिक रुपमा ट्युबेल सफा गरौं ।
- चर्पीको नियमित प्रयोग गरौं, गराऔं, र चर्पी नियमित सफा राखौं ।
- दिसा गरेपछि, बच्चाको दिसा छोरे पछि, खाना पकाउनु र खानु अघिपछि, फोहोर छोएपछि, बिरामीको हेरचाह पछि साबुन पानीले हात धुने एवं धुन लगाऔं ।
- बाहिर निस्कँदा नाक मुख राम्ररी छोपिने गरी अनिवार्य मास्कको प्रयोग गरौं ।
- कुहिने तथा नकुहिने फोहोरलाई वर्गीकरण गरी उचित रुपमा व्यवस्थापन गरौं ।
- घर वरपर जथाभावी पानी र फोहोर जम्न नदिऔं । खानेपानीका स्रोत, पोखरी, ताल तलैया, नदी, सामुदायीक वातावरण सफा राखौं ।

पानी जीवन हो, सरसफाइ संस्कार

खानेपानी मन्त्रालय
खानेपानी तथा ढल व्यवस्थापन विभाग

## मुक्तक लेख्ने प्रयासहरू – शरीर मेरो बसमा देखिन्छ, जवानी तिमी हौ



धेरै भयो सुतेको अब त युवाहरू जाग्नु पर्छ
विदेशको मोह त्यागेर देश सिँगार्न लाग्नु पर्छ
परिवर्तनका संवाहक हुन् युवा र युवाशक्ति
यिनले बागडोर सम्हाले भ्रष्टाहरू भाग्न पर्छ ।

**- अरुण कुमार भुजेल, दार्जिलिङ**



मलाई केही लोभ छैन, सिङ्गो जीवन बाँच्न चाहन्छु
साँच्चै नढाँटी भन्छु, मृत्युसँग नडराई हाँस्न चाहन्छु
संसारमा जन्मेपछि कसैले अजम्मरी पाएको हुँदैन
बाँचुन्जेल सबैसँग मानवताको माया गाँस्न चाहन्छु

**- ज्ञान उदास**



आँखा मात्र मेरो हो प्रिय, तर नानी तिमी हौ
जिन्दगी मात्र जिएको मैले, कहानी तिमी हौ
जलाए जलाउ चलाए चलाउ, तिम्रो छ मर्जी
शरीर मेरो बशमा देखिन्छ, जवानी तिमी हौ ।

**- पबित्रा चाम्लिङ (मुक्तक संसार)**



कहाँ जन्म्यौ कहाँ हुर्क्यौं सनातन भुल्छौ अनि
पराइको वनपाखामा ढकमक्क फुल्छौ अनि
देशको रक्षा विकासमा ध्यान लाउँदै फर्किएर
सञ्जालको माध्यमबाट थर्काउँदै डुल्छौ अनि ।

**- मनीषा प्रसाईं**



कहिले हावा हुरी अनि कहिले पानी आउने छ
जिन्दगी हो, सुखदु:ख जानी-नजानी आउने छ
मान्छेको चोलामा हरेस कहिल्यै नखानु भन्थे,
धैर्य गरे, एकदिन पक्कै नयाँ बिहानी आउने छ

**- विश्वनाथ श्रेष्ठ**



धन दौलत आफ्ना सारा, छोडी जानु पर्छ आखिर
आयु किन्न पाइने हैन, धनाड्य'नि मर्छ आखिर
जीवन मृत्यु सम्झौता हो, बेकार छन् सारा चिज,
मिति पुग्छ कालले टिप्छ, न टारेरै टर्छ आखिर ।

**- प्रेम कटवाल**



गरीबका लागि न्याय किताब मैं सीमित भए पछि,
आँसु बगाई चुप चाप सहेर बस्नु पर्ने रीत भए पछि,
द्वारमा सुरक्षाकर्मी राखेर बचाउन सकिन्न अस्तित्वलाई
लुट्नेहरू घरभित्रै लुट्छन् अहंकार जीवित भए पछि ।

**- गीताञ्जली पी.नेपाल**



कति होलान् धर्ती ओछ्याएर आकाश ओड्नेहरू
कति होलान दिनरात कठाङ्गीएर जीवन गोड्नेहरू
कर्तव्य निष्ठ भनुकी निर्दयी के भनौ शिशिर यामलाई
कति रोलान् सडक पेटी कुरेर हात मुख जोड्नेहरू ।

**- गंगा दहाल**



जाली हुन्छन् कोही यहाँ श्रद्धाको बहाली हुन्छन्
आस्थाको राही कतै, पीडाले मन सम्हाली हुन्छन्
युगान्तकारी सन्तुलन मिलाउँछ, शक्ति हुन्छ समयमा
ढिलो आउने सत्य माथि झूठको हालीमुहाली हुन्छन्

**- बिनिता आचार्य**



कृषिप्रधान देशलाई कुर्सीप्रधान बनाउन आएका धेरै
देशका साधनश्रोत र अवसर जति भन्छन् यिनले मैरै
विकास गर्न आएका हैनन् सिर्फ पदका लागि मात्र
सुकिलामुकिला उनै देखिन्छन्, समय गैरहेछ खेरै !

**- पवनकुमार बुढाथोकी**

## सिंहदरबारका अजिङ्गरहरू



**पारस भट्ट प्यासी**
सुदुरपश्चिम बैतडी

सत्ताका भोगी अजिङ्गरहरलाई जब सत्ताको भोक लाग्छ
हात जोर्दै घर दैलोमा भोट खान आउँछन्
चुनाव सकिन्छ आफ्नै संसारमा रमाउछन्
जनताको छाति कुल्चेर हिँडिदिन्छन्
उनी मान्छेबाट अजिङ्गर बनिदिन्छन्
उनी मान्छेबाट बिषालु सर्प बनिदिन्छन् !
बिषालु सर्पले त आफुलाई गाह्रोपर्दा,
कसैले कुल्चिदा डस्छ
तर हामी जनतालाई दिनहुँ टोकाई हुन्छ सत्ताका सर्पहरूबाट
जनतालाई जिउँदै निल्ने प्रयास गर्छन् सिंहदरबारका अजिङ्गरहरू
बनका सर्प, अजिङ्गर त
भ्यागुतो जीवजन्तु खाएर सन्तुष्ट भएर बाँच्छन्,
ढुक्क सुत्छन्, घाम ताप्छन्
पटक पटक भोट खाएर पनि अगाउँदैन
सिंहदरबारका अजिङ्गरहरू, बिषालु सर्पहरू !
जब कुर्सिमा बस्छन् जनताको रगत चुस्छन्
तर पनि कहिले खुसी हुँदैन
अगाउँदैन, भोकाइ रहन्छन् !
सर्प त डसेपनि एकचोटि डस्छ,
सिंहदरबारका अजिङ्गरहरूले दिनदिनै डस्छन्
जनतालाई भुलाउन, अफवाह फैलाउँछन् !
देश बेचेर भनै, ठुल ठुला बात लाउँछन्
राष्ट्रियता बचाएको अभिनय गर्छन् ।
तर देश लुट्छन्
बिषालु सर्पले मान्छेलाई टोके झै
उनीहरू नेपाल आमालाई टोक्टछन् डस्छन् !
सिंहदरबारका अजिङ्गरहरूले सुनको घडी लगाउछन्
मुख लागेको ,हात परेको केहि छोड्दैनन्
बाख्रा, खसी बोका ,जिउँदै निलिदिन्छन्
ठेक्का पक्का सब आफ्नै कार्यकर्तालाई दिएर
घुस खाँछन्, पैसाको ओछ्यान लाएर सुत्छन्
महलमा बस्छन् ! तिनलाई महङ्गो गाडी चाहिन्छ
ठुटो पेट हुँदा हिंड्न गाहो हुन्छ
रत उनलाई कहिँ जाँदा पनि हेलिकप्टर चाहिन्छ
हेलिकप्टर भित्र पनि सुरक्षा चाहिन्छ
सिंहदरबारका अजिङ्गरहरू अनौठा छन् !
पहिले पहिले सिंहदरबारमा सिंहहरू बस्थे
अहिले अजिङ्गरहरू ,बिषालु सर्पहरू बस्छन्
र सोझासाझा जनलाई डस्छन् !
उनिहरू खिचातानी गरिरहेका छन् भाग दौडको
हामी जनता कुल्चिदै छौं, उनका खुट्टाहरूले माटोमा
तर पनि सत्ताका सर्पहरूको पुजा गर्न छोडेका छैनौँ
सिंहदरबारका अजिङ्गररूलाई
माला लगाउन छोडेका छैनौं !

## लोकतन्त्र र जनअभिमत : नेपालको निर्वाचन



सूर्यप्रसाद श्रेष्ठको ***'लोकतन्त्र र जनअभिमत : नेपालको निर्वाचन'*** लोकार्पित भएको छ । २०८२ साउन १९ गते प्रधानमन्त्री निवास, बालुवाटारमा पूर्व प्रमुख निर्वाचन आयुक्त एवं पूर्व राजदुत सूर्यप्रसाद श्रेष्ठको कृति *लोकतन्त्र र जनअभिमत : नेपालको निर्वाचन* को प्रधानमन्त्री ओलीले लोकार्पण गर्नु भयो ।

सो कृतिबारे वरिष्ठ अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षक डा. गोपालकृष्ण सिवाकोटी, महिला अधिकार अभियन्ता मोहना अन्सारी र संविधानविद् प्रा.डा. विपिन अधिकारीले आआफ्नो समीक्षात्मक मन्तव्य राख्नु भएको थियो ।

कार्यक्रममा प्रधानमन्त्री ओली, लेखक श्रेष्ठले विशेष मन्तव्य राख्नु भएको थियो भने कार्यक्रमको सहजीकरण बुकहिलका प्रमुख भुपेन्द्र खड्काले गर्नु भएको थियो ।

पुस्तकले नेपालको निर्वाचन प्रणालीबारे बुझ्न र सुधार गर्न मद्दत पुग्नेछ ।




## ऊर्मिला उपन्यासको यथार्थ



***अरूणबहादुर खत्री***



ऊर्मिला उपन्यासले समाएको समाजको यथार्थ पाटो मर्मस्पर्सी छ ।

नेपाली उपन्यासको फाँटमा मायादेवी शर्मा देखापरेकी छिन् । ऊर्मिला नामको औपन्यासिक कृति मायादेवीले पहिलो कृतिको रुपमा प्रकाशित गरेकी छिन् । मायादेवी कविता, बालकथा, कथा, संस्मरण र निबन्ध विधामा समेत रुचि राख्ने स्रष्टा हुन् । उपन्यास लेखन समकालीन नेपाली साहित्यको लोकप्रिय बिधा बनेको छ । धेरैले पढ्न रुचाउछन् उपन्यास । धेरैले पढ्न रुचाउने बिधा भएकाले केही वर्ष यता थुप्रै औपन्यासिक कृतिहरु प्रकाशित भएका छन् । साहित्यको बजार नै उपन्यासले तताएको छ भन्दा पनि अत्युक्ति नहोला । यसो भन्नुको आशय यो हैन कि अन्य विधाले हामीलाई तताएका छैनन् । केही समयदेखि लेखकहरु उपन्यास लेख्न रुचाउन थालेका छन् । २०६९ सालमा मायादेवी शर्मा ऊर्मिला नामक उपन्यास निकाल्न सफल भएकी छिन् ।

प्रस्तुत उपन्यासले मुख्य रुपमा सामाजिक यथार्थलाई कथानकको आधारभूमि बनाएको भए पनि यसले विशेष गरी संवेदना, नारी जीवनका जटिलता, नारीहरुले सहँदै आएका उत्पीडन र जीवन भोगाइका क्रममा उनीहरुले गरेका कठोर सङ्घर्षलाई केन्द्र बनाएर लेखिएको छ । यस उपन्यासभित्र तेइसवटा परिच्छेद राखिएका छन् । गाउँले महिलाको जीवन कति कष्टकर छ भन्ने कुरा अत्यन्तै नजिकबाट मायादेवीले देखेकी र भोगेकी छिन् । उनीहरुको जीवनमा पसी हेर्दा असीम पीडा र कोलाहल थाहा पाइन्छ । कतिपय सम्पन्न घरका महिलाले पारिवारिक हिंसाको शिकार भएर आजीवन आफूलाई आफ्नै घरको आँगनमा निर्धक्क भएर उभ्याउन सकेका छैनन् । उपन्यास चेतनाको ज्योति पनि हो ।

प्रस्तुत उपन्यास सामाजिक यथार्थमा आधारित उपन्यास हो । उनी यथार्थको सूक्ष्म द्रष्टाका रुपमा उपस्थित भएकी छिन् । परिच्छेद एकमा पुसको महिना जाडो हुनाले देउरालीको हाइस्कूलका धेरैजसो शिक्षक सूर्यदेवलाई पिठ्युँमा पारेर स्कूलको चौरमा बसेका थिएँ । एउटी किशोरी स्कूलको कार्यालयभित्र हस्याङफस्याङ गर्दै प्रवेश गरी । प्रधानाध्यापकले उक्त किशोरीलाई नहेरी आफ्नै काममा टाउको गाडेका थिए भनेर उपन्यासकारले लेखेकी छिन् । परिच्छेद तीनमा ऊर्मिला काखीमा किताब च्यापेर गाई चराउँदै थिई । घरीघरी किताब पल्टाएर माने घोक्थी भनिएको छ । यो विद्यार्थी जीवनको सुलभता पनि हो ।

उपन्यासको परिच्छेद ६ मा विवाहको टुङ्गो हुनुभन्दा केही दिन अगाडि आफ्नै घरमा केटी आएको बेलामा ऊर्मिलाले लुकेर हेर्न कोसिस गर्दा उसले पनि त्यस्तै लुकेर हेर्न चाहेको रहेछ । त्यो बेलामा दुबै जनाका आँखा जुधेका थिए । त्यो क्षण ऊर्मिला लाजले रातै भइथी भनिएको छ । यस उपन्यासकी लेखिका मायादेवी एउटी अध्ययन र अनुभवले खारिएकी गृहिणी नारी हुन् । उनी गाउँको एउटा विशिष्ट परिवारकी छोरीबुहारी पनि हुँदा उनको अध्ययन नारी पुरुषका बीचको, सासू र बुहारीहरुका बीचको, नन्द अमाजू भाउजू बुहारीहरुका बीचको आपसी द्वन्द्व र मेलमिलापका बारे के कस्ता अवस्थाहरु आउँछन् र समाज हुँडलिने र अस्त व्यस्त हुने स्थिति पर्दछ । त्यसको गहनता उपन्यास पढ्दा थाहा हुन्छ ।

उपन्यासको परिच्छेद नौमा ऊर्मिलाले दाउराको भारी बिसाउछिन् । सासूले ख्वाङ ख्वाङ गर्दै ए कविता बाल्टी ले त काइँली भाउजू मेलाबाट आई भन्छिन् । परिच्छेद तेह्रमा ऊर्मिलालाई आफ्नो मस्तिष्कमा एक गाग्री पानी खन्याएझैं भयो । ऊ खङ्ग्रयाङ भई । उसले थाहा पाइहाली यो मलाई स्कूलबाट निस्कन बाध्य पार्ने षड्यन्त्र हो । नत्र उसको तलब रोकिदिनु पर्ने कुरा थिएन भनिएको छ । एक्काइस परिच्छेदमा ऊर्मिला छोरोलाई काखमा च्यापेर पतिको साथमा काठमाडौंतिर लाग्छिन् । उसलाई जति छिटो हुन्छ काठमाडौ पुग्न हतार भएको छ छोराको उपचारका लागि भनिएको छ ।

समग्रमा यो उपन्यास राम्रै छ । सबैभन्दा लेखकको मजबुत पक्ष भनेको एउटा विषयको घाटी अठ्याएपछि अन्त्यसम्म पनि घाटी नछोडी उपन्यासलाई टुङ्ग्याउनु हो । यो विशेषता थोरै मात्र साहित्यकारमा पाइन्छ । प्राय: साहित्यकारहरुले कथा वस्तुलाई घुमाएर वा सान्दर्भिक भन्दा भिन्न कुरा लेखेर पुस्तकको पृष्ठ बढाउनमा केन्द्रित भएका हुन्छन् । उपन्यासका शब्दहरु सरल, सहज र अत्यन्त व्यवहारिक भएकोले जुनसुकै हैसियतका पाठकले पनि बुझ्न सक्ने र पचाउन सक्ने खालका छन् । उपन्यासका सकारात्मक पात्रहरु जो उपन्यासमा समेटिएका छन् ती शुरुदेखि अन्तसम्म कौतुहलता जन्माउन सफल मात्र नभएर एउटा पात्रले अर्को पात्र सामु सानो भएकाले मर्यादाका सुकुमार शब्दहरु पस्केर आदरपूर्वक सम्मान दर्शाउनु अर्को सफल पक्ष मान्न सकिन्छ । भाषा सरल र स्पष्टता रोचक शैलीले यो उपन्यास निकै राम्रो मान्नैपर्छ ।

यसका पात्रहरु सबै नेपाली जनजीवनका वास्तविक पात्रहरुका रुपमा उभिन सफल भएका छन् । आधुनिक नेपाली उपन्यासको आरम्भ नै रुद्रराज पाण्डेको रुपमती उपन्यासबाट भएको हो । रुपमतीले अघि सारेको आदर्शउन्मुख यथार्थवादी औपन्यासिक चिन्तन-धारालाई ऊर्मिलाले प्रष्टसंग पछ्याएको अनुभूत हुन्छ । अन्त्यमा उपन्यासकार मायादेवी शर्माको कलमले नेपाली समाजका अन्य अँध्यारा पक्षको अनुशीलन गर्दै नयाँ कृतिहरु जन्मन सकोस् भन्ने अपेक्षा राख्दछु ।

पुस्तक: ऊर्मिला (उपन्यास) लेखक: मायादेवी शर्मा
प्रकाशक: आगम प्रकाशन बानेश्वर संस्करण: पहिलो २०६९

हरेक दिन www.nepaltoday.com.np
हरेक मंगलबार : गोरखा एक्सप्रेस

साप्ताहिक
गोरखा एक्सप्रेस
www.nepaltoday.com.np




सम्पादक/प्रकाशक : राजन कार्की
Editor/Publisher : Rajan Karki

सह-सम्पादक : शाश्वत शर्मा
अनलाइन प्रविधि : उत्तम राज
कानुनी सल्लाहकार : शिवप्रसाद सिग्देल
मुख्य व्यवस्थापक : कृष्णकुमार कार्की
व्यवस्थापक : दिलकुमार कार्की
मुद्रण : तारा प्रिन्टर्स, कलंकी

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np




## न गणतन्त्र चल्यो, न राजतन्त्र आयो ?

पद्धति भनेको लोकजीवन हुनुपर्छ, लोकले आत्मसात गरेपछि पद्धति लोकप्रिय हुन्छ, पद्धति हाँक्नेहरु पनि लोकप्रिय हुन्छन् । हाम्रो लोकतान्त्रिक गणतन्त्र न लोकतान्त्रिक बन्नसक्यो, न गणतन्त्रमा गण नै देखिए । गणतन्त्र दिवस वा लोकतन्त्र दिवस, जब कर्मचारी, शासनाधिकारी, सुरक्षा निकायले मात्र मनाउँछन्, बुझ्नुपर्छ, यो पद्धति जिवन्त छैन । हाम्रो पद्धति नामको लोकतान्त्रिक गणतन्त्र हो, व्यवहारमा पार्टीतन्त्र, नेतातन्त्र, बाहुबलीतन्त्र बन्नपुगेको छ । यसकारण यो पद्धति लोकलय बन्नसकेन ।

धेरैपटक प्रश्न उठिसकेको छ- यो लोकतान्त्रिक गणतन्त्र हो कि मंगलसेनतन्त्र ? अर्थात् यो पद्धतिमा जनताको समर्थन पातलिदै गएको छ । यो पद्धतिका विरुद्ध सडकमा नारा लागिरहेको छ, बिरोध भइरहेको छ । समर्थनमा कुनै जनता देखिदैनन्, बिरोधमा जनताको भीड लाग्ने गरेको छ । नेताहरु सुरक्षाकर्मीको घेराभन्दा बाहिर स्वतन्त्र भएर हिड्न सक्दैनन् । यो पद्धति राम्रो हो भनेर प्रमाणित गर्न सक्दैनन् । यो पद्धति आउँदा जनताको समर्थन थियो, अब त्यो समर्थन जनताको अविश्वासमा परिणत भएको छ । यो पद्धति ठूला पार्टीको जबरजस्तीमा चलिरहेको छ, तिनको राज्यसंयन्त्र दुरुपयोगमा चलिरहेको छ । जनताको आक्रोशलाई दबाएर यो पद्धति कति दिन चल्छ ? कि त नेताहरुले नैतिक हुन्छौं भनेर कबुल गर्नुपर्‍यो, व्यवहारमा इमान देखिनुपर्छ, अन्यथा यो पद्धति खिया लागेर झर्नेबाहेक अर्को बिकल्प छैन । प्रश्न के हो भने देश र जनताले कति महगो मूल्य चुकाउनु पर्ने हो ?

यही पद्धतिको जाँतोमा परम्परागत राजतन्त्र पिसिदै गएको छ। कठै पूर्वराजा, पर्व पर्वमा देशको भार उठाउने कुरा गर्छन्, पृथ्वीपथ देखाउँछन्, कोही टेर्दैनन् । पूर्वराजालाई पुर्षाको बिरासत, परम्परा जोगाउने दायित्वको भार छ, मानसिक मार र पारिवारिक भार पनि छ र भारबाट थिचिन्छन् । जनताको जयजयकारबाट उत्साहित हुन्छन्, सत्ता राजनीतिको पूर्वाग्रहको भयबाट मिचिन्छन् । पूर्वराजा बाहिर ननिस्कदा पुर्षाको सराप, निस्कदा पूर्वाग्रहको धराप । पूर्वराजा संवाद, सहमति, सहकार्यको प्रस्ताव गर्छन्, राजनीतिक नेताहरु त्यसलाई कमजोरी ठान्छन् र बेवास्ता गर्छन् । नेपालमा अब राजतन्त्र छैन, ज्ञानेन्द्र राजा नै होइनन् भन्ने भाष्य निर्माण गर्छन् । जनता सुनेर हाँस्छन्, प्रतिकार कसैले गर्दैनन् । पूर्वराजा ज्ञानेन्द्रलाई न गरिखानु, न मरिजानु, कस्तो धर्मसङ्कट ? मार त मार, ह्या मार भनेको यही हो ।

झण्डै २ दशक हुनलाग्यो । देशको बेथितिमा 'मलाई दुःखी तुल्याएको छ' भन्नुबाहेक बुढा राजाले गर्न के सक्छन् ? जनताले खोजे यहीं छु भनेर बस्ने हो, बसेका छन् । जनताले खोजेका छन् तर असंगठित जनतालाई फुटाउ र राज गरको नीति लिएर ठूला दलहरुले हरेक पटक जनबिद्रोह, आन्दोलनलाई दबाइरहेका छन । नेपाली जनता, सन्तान त वीरका हुन्, तर अगुवा नेताको अभावमा आक्रोसित हुन्छन् र समयक्रममा चूपचाप बस्छन् । जनतालई कहिले पर्व लाग्छ, कहिले वर्षा लाग्छ, कहिले खेतीको समय हुन्छ, कहिले खेती भित्र्याउने समय । राजतन्त्र पुनर्स्थापना गर्छु भन्ने प्रतिज्ञा गर्नेहरु चक्रव्यूहमा पसेपछि फसिन्छ भन्ने वोध भएरै अभिमन्यूको नियति भोग्न तैयार नभएका हुनसक्छन् । यसकारण त कहिले सत्तामा जान्छन्, कहिले सत्ताधारीसँग कुम जोड्छन् । सत्ताको दमनको मौखिक बिरोध जनाउँछन्, परिणाम आउने गरी केही गर्न सक्दैनन् । राजा, हिन्दुवादी अथवा राजतन्त्रवादी जो हुन्, चक्रव्यूहमा पस्न सकिरहेका छैनन् । चक्रव्यूह तोड्ने तोड श्रीकृष्ण र अर्जुनमा मात्र थियो । वर्तमान राजनीतिको सन्दर्भमा न श्रीकृष्ण कतै देखिन्छन्, न अर्जुन ? शक्ति अग्रसर नभए कसरी पद्धति परिवर्तन हुन्छ ?

# समृद्धिका महाथिर बन्नुपर्नेहरु दुर्गतिका महारोगी




समृद्धिका महाथिर बन्नुपर्नेहरू दुर्गतिका महारोगी बन्नु नेपाल र नेपालीका लागि दुर्भाग्य हो ।

समाजवादको स्वर्ग सम्झनेहरूका लागि भारत वा पश्चिमा अनुकरणीय हुनसक्थ्यो । चीनलाई बैतर्णी सम्झनेहरूका लागि चीन अनुकरणीय हुनसक्थ्यो । तर सत्ताका महत्वकांक्षी र अवसरवादीले सिद्धान्तलाई मिठ्ठाबरफ बनाइदिए । बरफ पग्लिएपछि पानी बन्छ, पानीको आकार भनेको जुन भाँडोमा हाल्यौ उस्तै हुने हो । पानी र नेपालका समाजवादी, सर्वहारावादी, गणतन्त्रवादी, प्रजातन्त्रवादी हात्ती र हात्तीछाप चप्पलजस्तै बन्नपुगे ।

छेपारो, जो मौसम अनुसारको ट्यूनिक फेर्छन्, तिनीहरूको आकार पनि हुँदैन, रङ् पनि हुँदैन । नेपालको राजनीति, शासन प्रशासन र छेपारो एउटै चरित्रका हुन् । मौसमी छन् ।

राष्ट्रपछि ट्रम्प अथवा भारतका प्रम नरेन्द्र मोदी, दुबैले आफ्नै मुलुक फस्ट, राष्ट्रवादभन्दा अर्को बिकल्प छैन भन्ने नीति लिएपछि उनीहरू चर्चित छन्, समृद्धिको शिखरतिर उन्मुख छन् । चीनका राष्ट्रपति सी चिनफिङ्ले पार्टीका उच्चपदमा र सत्तामा बस्नेले निजी सम्पत्ति राख्न नपाउने भन्दै कडा नियम ल्याए, भ्रष्टाचारी सावित भएकालाई सिधै मृत्युदण्ड दिने नीतिलाई अवलम्बन गरेपछि चीन विश्वको सम्पन्न आर्थिक र सामरिक शक्ति बनेको छ । अभेद्य किल्ला बन्नपुगेको छ । नेपाल दुई महासागरजस्ता र समृद्धि देशको वीचमा छ, तर नेपालले लाभ लिन सकेन । यसको मूल कारण शासकमा ल्याकतको अभाव हो ।

हालैको भारत पाकिस्तानको युद्धमा चीनले पाकिस्तानलाई सहयोग गरेको विमानले विश्वकै अत्याधुनिक मानिएको र त्यही लडाकु विमानको अभिमानमा उफ्रेको भारतले आक्रामणका लागि उडाएको राफेललाई धरासायी बनाइदिएपछि रातारात अमेरिकी सम्पर्कमा भारतले युद्धविराम गर्न बाध्य भयो । यतिबेला भाजपाका नेता जोली नेपालमै आएर भन्न भ्याएका छन्- भारत युद्ध चाहदैन । भारतलाई युद्धका लागि उकास्ने काम नगरौं । युद्ध त रोकियो, तर भारतलाई सानो आकारको नेपालको समर्थन पनि चाहिएको देखियो । पाकिस्तानले पनि नेपालको साथ खोजेकै हो । चीनले राजतन्त्र फालिदा मौन रहेको भए पनि यतिबेला पार्टी, बौद्धिक, जनस्तर र सरकार स्तरमा नेपालसँग सम्बन्धलाई व्यापकता दिदै आएको छ ।

हो, पाकिस्तानलाई सिध्याइदिने भारतको यो टोन चेन्जले भन्छ- बिस्तारवाद टिक्दैन । भारतलाई शिक्षा भयो, नेपालले शान्तिका लागि आह्वानसमेत गर्न सकेन । आतंकवादको विरूद्धमा उभिएको वक्तव्य दिएर प्रम ओलीले भनेका थिए- नेपालले भारत पाकिस्तानको युद्ध रोकिदियो । प्रम ओली हाँसोका पात्र बने, टिप्पणीकारको टिप्पणी थियो- हुटिट्याउँको खुट्टी हेर्दै चाल पाइयो । सार्कको अध्यक्षको नातासमेत निभाउन नसक्नेको फुइँकी ठूलो । सार्क छ, मूर्दा मूडोजस्तो छ । अध्यक्ष हुँ, सचिवालय नेपालमै छ भनेर के को गुड्डी हाँक्नु ? नेपालले छिमेक र अमेरिकाबाट सिक्नुपर्ने शिक्षा भनेको विकास र राष्ट्रवादको सूत्र थियो । राष्ट्रियनीतिमा समेत स्पष्ट नभएको नेपालले सिक्नुपर्ने केही सिकेन ।

अमेरिकाले मेक अमेरिका ग्रेट अगेन भन्ने नीति लिएपछि अमेरिका समृद्धितिर अग्रसर छ । भारतले विकास र जनतालाई सुविधामा ध्यान दिएपछि आर्थिक र सामरिक रूपमा समेत लामो छलाङ मार्दैछ । चीनको विकासको एकमात्र सूत्र भनेको सुशासन, इमान र देशप्रतिको निष्ठा हो । यी ३ सुत्रले चीनलाई आज संसारकै चमत्कारिक प्रगतिको देशका रूपमा स्थापित गरिसकेको छ । नेपाल ग्रेलिष्टमा पुगिसक्यो । ब्ल्याकमा पुग्यो भने ?

धन्न अमेरिकाले एमसीसी सुचारू गरिदिएको छ । अमेरिकाले नेपाललाई मानवबेचबिखन गर्ने, धोकेवाज भ्रष्ट देश भनिसकेको छ । ब्ल्याकलिष्टमा राखिदिएको भए नेपालको हविगत के हुन्थ्यो ? शासन प्रशासन गर्नेले सोचेका छन् ?

२०७५ सालको एमाले माओवादीको दुई तिहाई राष्ट्रका लागि सराप बन्यो । २०८२ को एमाले कांग्रेसको दुई तिहाई पनि सरापबाट मुक्त देखिएन । हिजो पनि नेपाल धरापमा थियो, आज पनि नेपाल जोखिममा छ । सतीको सरापबाट अभिशप्त छ राष्ट्र । सराप मोचनका लागि जनताले बिद्रोह गर्नुपर्ने अवस्था आउनु भनेको लोकतान्त्रिक गणतन्त्र असफल भयो भन्ने हो ।

नेता वा कुनै पनि दल, सरकार र संसदले सुशासन, सम्बृद्धि र विधिको शासनमा कटिवद्धता देखाउन सकेनन् । राजनीति देशका लागि मृत्युघण्ट बन्नु पद्धति निकम्मा हुनु हो । नेतृत्व कति काँचो रहेछ भन्ने दृष्टान्त हो । हरेक पदासीनले भ्रष्टाचार गर्दैनौं त भने तर भ्रष्टाचारको जगमा उभिन पुगे । गणतन्त्रको जरा कुहियो, रूख ढल्नेवाला छ । मिसन ०८४ भन्छन्, भएको संसद सफल पार्न नसक्नेका लागि केको मिसन ०८४ ? यी राजनीतिक नेताहरूको मिसन भनेको सत्ता, सम्पत्ति र शक्ति आर्जनमात्र हो । कुनै पनि नेताले आफूलाई ढाल्नु र सेवकका रूपमा प्रस्तुत हुन सकेनन् । वर्तमान एमालेको नेतृत्वमा बनेको कांग्रेस सहितको सरकारले आफ्नो बाटो बिराइरहेको छ । हरेक नेता चुकेका छन् ।

संक्रमणकालीन मुद्दा होस् कि सुशासनका विषय, यो संसद र सरकारले याँली ब्याँली गरेर समय बिताइरहेको छ । २०६३ सालको परिवर्तन र २०७२ सालको संविधान तथा संविधानको कार्यान्वयनले तात्वीक अन्तर केही ल्याउन सकेन । भ्रष्टाचार र दण्डहीन मुलुक बन्नपुग्यो नेपाल । फ्रड मुलुक भनेर बदनाम भयो ।

विकास हुनसकेन, रोजीरोटी ठूलो समस्या बनेको छ, जनता जीवनस्तरको सहजता खोजिरहेका छन् । देश र जनतालाई यति ठूला ठूला सपना बाँडिएको छ कि सपनाको त खातै लागिसक्यो । पहिले देखाएका सपना पूरा भएका छैनन्, समृद्धिको ठूलो सपना देखाएर के गर्नु ? कुशासनले सीमा नाघिसक्यो । राष्ट्रमा समस्या र लथालिङ्गो चाला कुनै एक क्षेत्र वा संस्थामा मात्र छैन । शिक्षा क्षेत्र पुरै राजनीतिकरण भएको छ भने स्वास्थ्यक्षेत्रमा अराजकता छ । न्यायदेखि परराष्ट्रसम्म, व्यापारदेखि उद्यमसम्म, राज्यका सबै तह र तप्का, सञ्जालभरि सिण्डिकेटको जञ्जाल नभएको र सेटिङमा कानुन मिच्ने र राज्यदोहन गर्ने काम रोकिएको छैन । युवा निकासी गर्ने र यही नाममा मानव बेचबिखनसम्मका अपराध खुलेआम भइरहेका छन् । हिजो सिंहदरवारबाट हुने गरेको भ्रष्टाचार पालिकास्तरमा समेत फैलिसकेको छ ।

महामारीका भाइरसले आर्थिक क्रान्ति गर्ने विश्वास गर्नु आकाशतिर फर्केर थुक्नुजस्तै हो । प्रश्न छ- राजनीतिक क्रान्ति सकिएको हो भने फेरि मुलुक त्यही राजनीतिक द्वन्द्वको भूमरीमै किन फन्को मारिएको छ ? आर्थिक क्रान्तिको समय आएको हो भने आर्थिक क्रान्ति सुरू गर्नका लागि किन भद्रो हेरिरहनु पर्‍यो ? स्वदेशी लगानी बाहिरिदै छ, विदेशी लगानी आकर्षित पार्न सकिएको छैन । किन कुनै रोजगारी सिर्जना गरिदैन ? किन यस विषयमा बिषद छलफल गरेर राष्ट्रिय नीति तय गर्न सक्रिय छैनन् ? कारण एउटै छ, यो पद्धतिका सञ्चालकहरूमा राष्ट्रनिर्माणको भिजन नै छैन । हिजो राजनीतिक बिबाद थियो, आज पनि बिबाद छ । हिजो भ्रष्टाचारमय शासनमा सुशास्न ल्याउने कुरा गरियो, आज पनि त्यही कुरा गरिदैछ । फरक के भयो ? फरक के गरियो ? नतिजा शून्य छ । यसमा मनन गर्न जरूरी छ ।

सवाल के हो भने- हेर्दा डरलाग्दो देखिने कछुवाको दाँत नै हुँदैनन् । सानो जीव हो, लामखुट्टे त्यसका १७ ओटा दाँत हुन्छन् । दुई तिहाई बहुमत भएको यो सरकार हेर्दा डरलाग्दो छ, तर यसको गति साह्रै सुस्त देखिन्छ । सानो जीवन लामखुट्टेको १७ ओटा दाँत हुन्छ, राज्य संयन्त्र लामखुट्टे जस्तै बनेको छ र १७ तिरबाट देश र जनतालाई टोकिरहेको छ । यो सरकार लामखुट्टेको जुनीबाट माथि उठ्ने कहिले ? यो क्वेशन अफ टाइम होइन र ?

जनयुद्ध जनआन्दोलनमा मिसिएपछि सफल भएको हो, यसका साना नेपोलियन थिए- प्रचण्ड । भारतले नाकावन्दी गर्दा भारतका सामु झुक्न नमान्ने बाध्यतामा परेर राष्ट्रवादी नायक बनेका अर्का साना नेपोलियन थिए- ओली । जनआन्दोलनमा अर्का प्रजातन्त्रवादी नेपोलियन मिसिए देउवा । यी तीन नेपोलियन १७ वर्षदेखि सत्ता र राजनीतिको केन्द्रमा छन् । यिनीहरू पटक पटक प्रधानमन्त्री बनिसकेका छन् । अहिले पनि सत्ता यिनकै मुठ्ठीमा छ । यिनलाई अव के प्राप्त गर्नु छ र यिनीहरू देशभित्रका महामारीविरूद्ध निर्मम निर्णय गरेर निगरानी गर्न छाडेर डारडार डुरडुर गरिरहेका छन् ? जनतालाई शक्तिशाली बनाउने माध्यम जनता नै हुन् भन्ने नेपोलियनको मान्यता यिनमा देखिदैन । आफू शक्तिशाली हुन सके राजनीतिक बिजेता भइन्छ भन्ने गलत मान्यता बोक्दा यिनको ओह्रालो यात्रा सुरू भएजस्तो देखिदैछ ।

मामाको हत्या गरेर अलाउद्दीन खिल्जी दिल्लीका सम्राट बनेको इतिहास छ । तिनै खिल्जी चित्तौढका राजा रत्नसेनकी महारानी पद्मिनी हासिल गर्ने महत्वाकांक्षामा लाग्दा उनले चित्तौढ त जिते, पद्मिनी हासिल गर्न सकेनन् । पद्मिनीले जौहर गरेर प्राण त्यागिन् । भष्मासुरको कथा र खिल्जीको इतिहास उस्तै छ । एमाले र माओवादीले भारत र क्रिश्चियन हतियारको आडमा राजतन्त्र र हिन्दुधर्मको हत्या गरेर सत्ता हासिल गरे । यिनले हासिल गर्न खोजेको पद्मिनीरूपी आलोपालो र निरन्तरको शासनसत्ता यही चाल र तालले हासिल गर्नसक्ने देखिदैन । यिनलाई काम गर्नेभन्दा पनि एकता गर्ने, फेरि फेरि चुनाव जित्ने वातावरण बनाउने अहंकारले छोपेको छ । यिनीहरू भष्मासुरे प्रवृत्तिमा लीन भइसकेका छन् । नेतामा हुनैपर्ने राजनीतिक धर्म भएन भने न विवेक रहन्छ, न नैतिकता । यी गुण नभएकाका लागि स्वाधीनता र सार्वभौमिकता न धोती हो, न टोपी ? यसकारण नेतृत्व जनताको आँखामा कसिङ्गर बनेका हुन् ।

लोकतान्त्रिक गणतन्त्रवादी हुँ भन्नेहरूले सिंहदरवारमा बस्नेले बेलायती बैठकमा रहेको ऐनामा आफ्नो अनुहार हेरून्, आफ्ना बिगत सम्झुन, कहाँ उभिएको छु भनेर मनन गरून् । चुनावका बेलामा के के प्रतिवद्धता व्यक्त गरेका थिए, पढुन् । पद्धति परिवर्तन भयो, पद्धति जीवन पद्धति किन हुनसकेन भनेर नियालुन् र अव गर्नुपर्ने काम के के हुन् भनेर खुट्याउन् । होइन भने भ्रष्टाचारले देशभित्र पिलो पाकिसकेको छ । चिरफार गरेर खिल निकाल्न जनताले कम्मरकस्न नपरोस् । त्यसो भयो भने बंगलादेश र श्रीलंकामा के भयो, हेक्का राखुन् ।

मलेसियाका फादर अफ नेशन, महाथिर महोमद । १९८१ देखि २००३ सम्म सत्तामा बसेर मलेसियालाई सम्पन्न पारेर पन्छिएका थिए । उनले ठाने मलेसिया फेरि गलत बाटोतिर लाग्न लाग्यो । उनी चुनावमा खडा भए र गलत चरित्र सच्याइदिए । ९२ वर्षका महाथिरको पहिलो भाषण थियो- म ज्यूँदैछु । म जनताको अपेक्षा पूरा गर्छु । मलेसिया मेरो गौरव हो । जवाफदेहीता, निष्ठा त्यस्तो हुन्छ । देशप्रतिको जिम्मेवारी त्यस्तो हुन्छ । को छ त्यस्तो ?



# वर्तमान परिप्रेक्ष्यमा राजसंस्थाको अपरिहार्यता



प्रा. डा. उत्तमकृष्ण कर्माचार्य

पूर्वराजा ज्ञानेन्द्र वीर विक्रम शाहदेवको ७९औं शुभजन्मोत्सवको उपलक्ष्यमा मौसुफको सुख, शान्ति, समृद्धि एवं सुदीर्घ जीवनको लागि भगवानसंग प्रार्थना गर्दै गजेन्द्र बहादुर अर्यालको सभापतित्वमा "वर्तमान परिप्रेक्ष्यमा राजसंस्थाको अपरिहार्यता" विषयक प्रवचन गोष्ठी भएको थियो ।

गोष्ठिमा सहभागीहरूले जल प्रकोप, वाढी, पहिरोबाट वच्न र बचाउनको लागि प्रार्थना गरिरहेको छु भनि आम जनताको अवस्था बारे चासो लिनुभएका राजा ज्ञानेन्द्रवाट आफ्नो जन्मोत्सवको उपलक्ष्यमा सञ्चारकर्मीहरूसंग संक्षिप्त प्रतिक्रिया दिइबक्सेका प्रसंगलाई समेत उठान गरी ग्रे लिस्ट र ब्ल्याक लिस्टबाट जोगाउन राजसंस्था कसरी स्थापना गर्ने र स्थापना नभएसम्म राजा र नागरिक एक ढिक्का हुनु पर्ने आवश्यकता साथै छाना, नाना र खानाको व्यवस्था नेपाली जनतालाई सरल रूपमा उपलब्ध गराउनु पर्छ भन्नुभएको थियो ।

प्रमुख अतिथी बामपन्थी नेता सिपी मैनालीले राजनीतिक कारणले राजा हटाएको र राजनीतिक कारणबाटै राजसंस्था स्थापना गर्नु पर्ने तर्क राख्दै पृथ्वीपथ भनेको राष्ट्र बनाउने, राष्ट्रलाई सिंगार्ने र बलियो बनाउने विचार भएकोले आफ्नो पार्टीले नेपाल एकीकरणकर्ता पृथ्वीनारायण शाहलाई आदर्श पुरूष मान्दै देशभक्तिको मार्गमा हिंड्डै आएको बताउनु भयो ।

नागरिक मूल समारोह समिति (२०८२) का अध्यक्ष प्रा.डा.उत्तमकृष्ण कर्माचार्यले यो बुढो उमेरमा अब देशको लागि केही न केही गर्नु पर्छ भनेर लागीरहेको मलाई यहाँहरूको सुभेच्छाले गर्दा अध्यक्ष बन्न पुगेको हो । मैले आर्य सभ्यताको संरक्षक समुज्वल भविष्यका लागि शुभकामना टक्रयाउँदै शाहवंशबाट अनुप्राणित हामी राजभक्तहरूले देशमा देखा परेको साम्प्रदायीकता, भ्रष्टाचार, अराष्ट्रिय गतिविधी पदलोलुपताले ग्रष्त हुँदै गएको वर्तमान नेतृत्ववाट असुरक्षित बन्दै गएको कटु यथार्थतालाई आत्मसात गरी राजाबाट अदम्य शाहस र अथक परिश्रमका साथ प्रजाको घर आँगनमा पुगेर उनीहरूको पीर मर्कालाई बुझेको छर्लङ्ग छ, साथै प्राचिन सभ्यताले बोकेको अबधारणा भित्र बसुधैव कुटुम्बकम, सर्वे भवन्तु सुखिन र अहिंसा परमो धर्म भन्ने आदर्शलाई जोगाइबक्सनु पर्छ भनि शुभकामना टक्रयाउनुका साथै नेपालको स्वाभिमान र गौरवहरू बढाउनको लागि एउटा विश्व विद्यालय नै चाहियो, राजाकै संरक्षकत्वमा पुरातात्विक नेपाल विश्व विद्यालय खोल्ने हुकुम पाऔं भनि यहि ७९ औं शुभ जन्मोत्सवको शुभ उपलक्ष्यमा विन्ति विसाएको थिएं भन्नुभयो ।

कार्यक्रममा घनेन्द्र ब. बस्नेतले जनताभक्त, शालिन, देशभक्त राजामा जनताको आकर्षण दिन प्रतिदिन बढ्दै छ भन्नुभयो । तारानाथ लुइटेल, राजेन्द्र गुरूङ, सुभद्रा विश्वकर्मा, कृष्ण प्रसाद लुइटेल र अस्वस्थ किशोरी महतोले समेत २०४७ को संविधानमा टेकेर राष्ट्रिय राजनीति अघि बढउनुको विकल्प छैन भन्ने सन्देश दिनुभएको थियो ।

नेपाली सेनाका पूर्व जर्नेल डा.प्रेम सिंह बस्नेतले शाही नेपाली सेनाले सरकार सबै ठिक ठाक छ भन्दै २०६५ साल जेष्ठ २९ गते नारायणहिटी राजदरबारबाट निक्लन बाध्य बनाएर मात्र होइन धोका समेत दिएर राजालाई एक्लो पारेको खुलासा गर्नुभयो । उहाँले श्रीपेच र राजाको नुनको सोझो गर्दै आएको एक इमान्दार सिपाहीले बन्दुक समपर्ण गरी देशको लागि सबै एकजुट हुनको लागि आग्रह गर्दै आएको धेरै वर्ष भयो भन्नु भयो ।१० वर्ष जनयुद्ध भनेको देशको विरूद्ध भारतको संरक्षणमा पालित पोषित माओवादी छद्म युद्ध अहिले धन युद्धमा परिणत भएको पनि बताउनु भयो ।

नीरा रंजीत, पूर्वमन्त्री दुर्गा श्रेष्ठ, राधेश्याम थापा, वरिष्ठ अधिवक्ता विष्णु भट्टराईले देश जोगाउने जस्तो महत्वपूर्ण सवाल गोष्ठी भैरहेको छ, एकताको सुत्रमा बाँध्ने राजा नै साझा अभिभावक हुन् भन्नु भएको थियो । साथै राजनीतिक दल तथा नेताहरूले २०६३ बैशाख ११ गते भएको ५ बुँदे सम्झौतालाई लत्याएर २०६३ जेष्ठ ४ गते नेपाललाई अधोगति तिर लाने दुष्कार्य विदेशीहरूका इशारामा भइरहेको पनि बताइयो ।

ऋषि बाबु परियार, प्रा. विष्णु राज पाण्डे, अभिषेक कर्माचार्य, मीना सुवेदी, सुमन राज्यलक्ष्मी राणा, प्रा.बलभद्र भारती, विपिन मल्लिकहरूले राष्ट्र दलदलमा फसिरहेको छ, त्यसबाट उकास्नको लागि युवा जागरण फैलाई राखेका छौं भन्नुभयो । गोष्ठीको निष्कर्ष :१) विभिन्न राजनीतिक सिद्धान्त भीमकाय जनसंख्या भएको विशाल देशहरूको विचमा अवस्थित हाम्रो प्यारो राष्ट्रलाई दलहरूले जोगाउन सक्दैन भन्ने २०४६ को राजनीतिक व्यवस्था परिवर्तन देखि आजसम्मको दलिय कृयाकलापले प्रष्ट पारिसकेको छ की राजाको उपस्थिती अनिवार्य छ ।

२) देशलाई अक्षुण्ण राख्न, १२६ जात जाती भाषा भाषी विच सद्भाव छर्न देशको विविधता र धार्मिक सहिष्णुतालाई वढावा दिन राजसंस्थाको अपरिहार्यता भैसकेको छ ।

३) पृथ्वीनारायण शाहले त्यो बेला नै भारदारहरूको कुरा भन्दा जनताको आवाजलाई कदर गर्दै प्रजातन्त्रको आचरणलाई अवलम्बन गरीबक्सेको चित्रण हामीले गर्न सकिन्छ । जन भावनाको कदर राजाहरूबाट हुँदै आएको थियो । त्यसकारणले पनि संवैधानिक राजतन्त्र नेपालमा चाहियो चाहियो चाहियो ।

४) राजा दलहरूको कारणबाट १८ वर्षसम्म वहिर्गमनमा परेतापनि राजाको माग अधिक बढेको छ, यसलाई थेग्न दलहरूले सक्दैन भन्ने प्रमाणित भैसकेकोले पनि राजसंस्था अपरिहार्य भैसकेको छ । समर्थन साथै ख्याति बढेको छ ।

५) गणतन्त्रले राम्रो काम गरेको भए, जनतालाई राजतन्त्रकालिन समय भन्दा सुखी, खुशी पारेको भए, राम्रो काम गरेको भए राजसंस्था रोज्न, खोज्न बाध्य पर्ने थिएनन् ।

६) प्रत्यक्ष जन निर्वाचित प्र.म. दलीय व्यवस्थाबाट सम्भव नभएकोले राजसंस्थाको छत्र छायाँमा मात्र सक्ने भएकोले राजसंस्था चाहिएको छ ।

७) राजा सबैको साझा हुने भएकोले कार्यपालिका व्यवस्थापिका र न्यायपालिका विच पनि सुशासनको प्रत्याभूति दिलाउन र शक्ति सन्तुलन प्रदान गर्न राजसंस्था अपरिहार्य आवश्यक भैसकेको छ ।

८) देशको परराष्ट्र नीतिलाई स्थिर तुल्याउन र असंलग्न परराष्ट्र नीतिका आधारमा देशको विदेश नीति तय गर्न राजसंस्थासंगको अनुभवलाई देशको अधिकतम हितमा ल्याउन राजसंस्था आजको आवश्यकता भैसकेको छ ।

९) २००७ सालमा जस्तै अहिलेको परिप्रेक्ष्यमा पनि जनता र राजाको संयुक्त जनआन्दोलन सफल पार्न राजसंस्थाको मर्यादित भूमिका आवश्यक परेको छ ।

१०) राजा नभएकोले राजाको खोजी गर्नको लागि पनि राजसंस्था मियो बन्न सक्ने भएको राजसंस्थाको भूमिका अपरिहार्य टड्कारो छ ।

११) हामीले राजा महेन्द्रको देनलाई कहिल्यै विर्सन सक्दैनौं । नेपाल र विश्वशान्तिको लागि पनि राजाको भूमिका आवश्यक छ ।

१२) संसारको एक मात्र हिन्दू राष्ट्र नेपालको गरिमा कायम गर्न राजतन्त्र चाहिन्छ ।

१३) २०४७ को संविधान पुनः स्थापना गर्न जरूरी छ ।

१४) ३ करोड जनइच्छा र कामना पूरा गर्न, समृद्धि र विकास गर्न राजतन्त्र अपरिहार्य देखियो ।

# शासन र सुशासन बुझेकै छैनौं



पूर्वमुख्यसचिव विमल कोइराला

नेपाल विकास मञ्जको दातृ समूह बैठक (एड ग्रुप मिटिङ) काठमाडौंमा पूर्वमुख्यसचिव विमल कोइरालाले साह्रै तीतो यथार्थ बोलेका छन्- सरकारले शासन भन्ने नै बुझेको छैन, न हामीले बुझेका छौं । कोइरालाले भारतको उदाहरण दिदै भनेका छन्- सन् २०१४ को चुनावमा मोदीले एउटा नारा दिए - न्यून सरकार र अधिक शासन । त्यसैले उनले चुनाव जिते । हामी चाहिँ शासन र सरकारलाई एकै ठाउँमा जोडेर हेर्छौं । शासन भनेको बेग्लै हो ।

बैठकमा विश्व बैङ्क अन्तर्गत दक्षिण एसियाली क्षेत्रका उपाध्यक्ष मिएको निसिमिजु उपस्थित थिइन् । उनले भनिन्, 'तिम्रो देशमा नेताहरू छन् । राजनीतिक आन्दोलनमा ढुङ्गा हान्न जान्छन् । म हुम्ला गएकी थिएँ । त्यहाँका मानिसलाई तिम्रा नेताहरू आउँछन् भनेर सोधें । त्यहाँका मानिसले नेताहरू भोट माग्ने बेलामा मात्रै आउने गरेको बताए । नेपाललाई सडक, स्कुल, अस्पताल पनि चाहिएको होला । तर नेपालको प्राथमिक समस्या कुशासन रहेछ । दश वर्षसम्म नेपालले सुशासनलाई प्राथमिक एजेण्डा बनायो भने मात्रै उँभो लाग्छ ।' यो सुझावमा राजनीतिक दलहरूको ध्यान गएकै छैन ।

उनले भनिन्- सन् २०१० मा गरिबी निवारण रणनीति बनाउँदा मैले धेरै मिहिनेत गरी चार वटा पिल्लर अब्जेक्टिभका रूपमा राख्दा एउटा चाहिँ सुशासन नै थियो । सुशासन पहिलोपल्ट विकास एजेण्डाका रूपमा प्रवेश गरेको थियो । १०औं योजना गयो । ११औं योजनादेखि त्यो एजेण्डा पनि समाप्त भयो ।

हामीलाई के उपलब्धि भयो त ? समस्या त ज्यूँ का त्यूँ छ ।

प्रजातन्त्र आएपछि ४० अफ्रिकी मुलुकमध्ये २६ वटा गृहयुद्धमा गए । पल कोलियर अक्सफोर्डका प्राध्यापक थिए । उनले त्यहाँ गएर सोधे, 'प्रजातन्त्र किन गृहयुद्धमा गएको ?' अफ्रिकी जनताले भने, 'त्यो मतपत्र खानु हुँदैन ।' प्रजातन्त्र भनेको मतपत्र मात्रै हो त ? पाँच वर्षमा जनताले एकपटक भोट दिँदा पुग्छ त ? यो प्रश्न त हाम्रो जनताको पनि हो । राजनीति जनताको आवश्यकतासँग जोडिएको छैन ।

'ह्वाइ नेशन्स फेल - पावर एण्ड प्रोगेस ?' मा ड्यारन एसिमोग्लु, रोबट सिमसन र जेम्स ए रोबिन्सनले खुब राम्रो व्याख्या गरेका छन् । एरिजोनाको पारिपट्टी, मेक्सिकोको सोनारा वारिपट्टी ! त्यहाँबाट बच्चाहरू यता अमेरिका आउन खोज्ने ! त्यो बच्चाले लुगा लगाउन पनि पाएको छैन । यता चाहिँ लुगा पनि लाउन पाएको छ, स्कुल जान पनि पाएको छ । भनेपछि हाम्रो डेलिभर गर्ने संस्थाहरू बलिया छन्/छैनन् ? जनतालाई इमान्दारीपूर्वक सेवा दिन सक्षम छन्/छैनन् ? यसतर्फ ध्यान दिनुपर्छ ।

संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडीपी) मा क्यारो लङ नामका प्रमुख थिइन् । सवारीसाधनले गर्ने प्रदूषण उत्सर्जन (हार्टिज स्माक युनिट - एचएसयु) म उद्योग मन्त्रालयमा हुँदा सुरू गरेको थिएँ । क्यारो लङलाई युएनले दिएको नयाँ मोडलको गाडी प्रदूषण जाँच गराउँदा फेल खाएछ । आएर मलाई भनिन्, 'विमल के भयो ?' ड्राइभरले भनेछ, 'म्याडम ! पैसा दियो भने हुन्छ, नभए हुँदैन ।' ल हेर्नुस् त शासनको हालत !


पूर्व मुख्यसचिव विमल कोइरालाको विचारमा- जिउ पखाल्नुपर्‍यो भने टाउकोबाटै पानी हाल्नुपर्छ, खुट्टाबाट पानी हालेर जिउ पखालिँदैन । त्यसो हुँदा, राजनीतिक तहबाटै एउटा आँट प्रदर्शन गर्नुपर्‍यो । मुलुक विक्षिप्त अवस्थामा छ । कुशासनको कारणले यो पतन पनि हुनसक्छ । कुशासनको धेरै कुरूप उदाहरण छन् ।

हाम्रा सार्वजनिक संस्थाहरूमा गरिब जनताको पहुँच छँदैछैन । पहुँच स्थापित गर्नु त प्रजातन्त्रमा राज्यको कर्तव्य होइन ? हामी केमा चाहिँ गएर खुसी छौं भने सुरूसुरू त्यो रेमिटेन्सको पैसा आइराखेको छ । र, हामी चाहिँ आनन्दले बिताइरहेका छौं ।




























अधिवक्ता गंगा दाहाल- कति मीठो भाषण

# म भ्रष्टाचार गर्दिनँ, गर्न दिन्न

हाम्रा नेताहरू किन मीठो मह दलेको भाषण गर्छन्, भाषणअनुसारको व्यवहार देखाउँदैनन् ? प्रधानमन्त्रीले पटक पटक भनेकै हुन्, शपथ खाएकै हुन् - म भ्रष्टाचार गर्दिन, गर्न दिन्न । गरेको देखेंभने टिपेर फालिदिन्छु । म देशका लागि इमानदार भएर काम गर्ने प्रतिज्ञा गर्दछु । यति भनिसकेपछि प्रधानमन्त्री चोखा छन्, सशक्त छन् । समृद्ध नेपाल, सुखी नेपालीका लागि प्रतिवद्ध छन् । यसमा शंका गर्नु जरूरी छैन ।

प्रधानमन्त्रीको सचिवालदेखि गाउँपालिकासम्मकै ७ सय ६१ सरकारहरूका कार्यालयका ढोकामा 'म भ्रष्टाचार गर्दिनँ' भन्ने साइनबोर्ड झुण्ड्याएको देखिन्छ । यो साइनबोर्डले दुई तिहाइको सरकार प्रमुखलाई गिज्याइरहेको जस्तो लाग्छ । किनकि भ्रष्टाचार व्याप्त छ । प्रधानमन्त्रीले सल्लाहकार नराख्नु भन्दा मन्त्रीस्तरको निर्णय भन्दै उपसचिवस्तरका पचासौं सल्लाहकार नियुक्त भएका छन्, दलाली गर्दैछन् । यतिसम्म कि मन्त्रीका सल्लाहकारसमेत हाकिम बनेर कमिशन आउने फाइल सदर गर्न थालेछन् ।

हरेक कार्यालयका ढोका-ढोकामा 'म भ्रष्टाचार गर्दिनँ' भन्ने साइनबोर्ड झुण्डिएका छन् तर हरेक फाइलमा कमिशनको लेनदेन भइरहेको छ । टेबुलमुनीबाट घूस दिने र लिनेको चक्कर चलिरहेकै छ । प्रधानमन्त्रीलाई यो सब भ्रष्टाचारी क्रियाकलापको जानकारी छ, के गर्नु- न नियमन हुन्छ, न नियन्त्रण गर्न सकिन्छ । जे भइरहेको छ, भइरहोस्, तैं चूप, मै चूपको स्थिति देशभरि रहेको छ । भ्रष्टाचार निरन्तर भइरहेकै छ ।

प्रधानमन्त्री कार्यालयको निर्देशन नपुगेका एकाध खुजुरामुजुरा मुद्दाहरू अख्तियारले दायर गरेका छन् । त्यसबाट पनि थाहा हुन्छ, भ्रष्टाचारको बढोत्तरी भएको छ । लोकतन्त्र आएको १८ वर्षमा सबैभन्दा बढी गत आर्थिक वर्षमा भ्रष्टाचार मुद्दा दर्ता भएछन् । जब कि ठूला ठूला मुद्दाहरू सेटिङमा मिलाउने गरिएको छ । कारवाही नगण्य भएका छन् ।

अख्तियार प्रमुखमाथि नै उजुरी परेको छ । कसले गर्ने छानबिन ? अख्तियार कार्यपालिकाको अंगजस्तो भयो भन्ने आरोप पनि लागेको छ । मूल मुद्दामा अख्तियार मौन बस्ने गर्छ । अख्तियार भन्छ- सक्रियता बढेको छ, भ्रष्टाचार बढेको छ, मुद्दा बढेका छन् । यो सुशासनको द्योतक होइन । कर्मचारीबर्ग जे शपथ खान्छन्, पालना गर्दैनन् । पालना नगर्ने शपथको के अर्थ रह्यो र ? देश भ्रष्टाचारमय बनेको छ । सत्य यही हो । जतिसुकै लुकाए पनि फोहर गनाउँछ, भ्रष्टाचारको गन्ध फैलिएको छ ।

अख्तियारका अनुसार अकुत सम्पत्ति, घूस, नक्कली सर्टिफिकेट, आर्थिक अनियमिततालगायतको मुद्दा विशेष अदालतमा दर्ता भएका छन् । अचम्म त के छ भने अख्तियारका आयुक्त पाठक नै अकुत सम्पत्तिमा मुछिए, प्रमुख आयुक्तमाथि नै उजुरी पर्नु र छानबिन नहुनु आश्चर्य हो । भ्रष्टाचारमा नमुछिएका कुन पदासीन छन् ? यतिबेला अख्तियारमा कार्यरत समेत रंगेहात मुछिएका घटना भएका छन् ।

अख्तियारमा स्वच्छता छैन भने अन्त कसरी सुशासन हुन्छ ? अख्तियार सुधार गरिरहेको छैन । अख्तियार कमजोर हुनु व्यभिचार बढ्नु हो । अख्तियारले मुद्दा कमजोर बनाएर पेश गर्ने गरेको आरोप छ । अख्तियारको 'अनुचित कार्य'माथि अनुसन्धान गर्ने क्षेत्राधिकार कटौती किन भयो ? भ्रष्टाचारका मुद्दामा अख्तियारले कारबाही गर्न नसक्दा धेरै उजुरी अलपत्र छन् । के काम लाग्यो म भ्रष्टाचार गर्दिन, गर्न दिन्न भन्ने भाषण ?

# China-Nepal Cooperation: Strengthening Disaster Prevention and Mitigation





Na Gu & Mingyang Zhang

Wang Changling, a poet of the Tang Dynasty in China, once wrote: "The green hills are in harmony with the clouds and rain, and the bright moon was never two townships." China and Nepal are friendly neighbors linked by mountains and rivers, and share the unique and fragile geographical unit of Himalayan Mountains and Asian Water Tower. China and Nepal are both in one of the regions with the most frequent crustal activities and the most obvious impact of climate change, and they are facing severe threats from major natural disasters such as earthquakes, flash floods, mudslides, glacial lake bursts and avalanches. First of all, both China and Nepal are located in the Mediterranean-Himalayan seismic belt, and the crustal activity is extremely frequent. At 14: 11 on April 25, 2015, an earthquake of magnitude 7.9 occurred in Nepal (measured by China Seismological Network as magnitude 8.1). The strong earthquake, centered in Boquera, Gurkha County, central Nepal, spread widely, including Tibet, China. Nepal's Interior Ministry announced on the evening of 27th that the earthquake had killed 3,904 people and injured 7,980 people in Nepal. As of 0: 00 on the 27th, the earthquake caused at least 20 deaths, 4 missing and 58 injured in Shigatse, Tibet, China, and relocated nearly 25,000 people, causing extremely serious social and economic losses. Secondly, the southern foothills of the Himalayas on the Sino-Nepalese border are steep in terrain and broken in geology, which is one of the regions with the most frequent mountain torrents and landslides in the world. At 5 o'clock in the morning of July 8, 2025, a mudslide disaster occurred in the area of Geelong Port on the border between China and Nepal. According to preliminary statistics, the mudslide has caused 11 people to lose contact in China, and 6 construction workers in China have lost contact in Nepal. Finally, the Himalayan region is extremely sensitive to global climate change, and the melting speed of glaciers is accelerating. Under the influence of climate warming, the glaciers of Asian water towers are melting at an accelerated pace. Since the beginning of this year, the rainy season in Nepal has arrived two weeks ahead of schedule, and many places have suffered from continuous heavy rainfall, which has caused landslides and floods, resulting in traffic jams on six major roads, including the East-West Expressway and Anika Highway. In this context, strengthening cooperation in disaster prevention and mitigation between China and Nepal is not just technical assistance, but an important issue related to friendly cooperation and mutual benefit between China and Nepal.

Strengthening China-Nepal cooperation in disaster prevention and mitigation is beneficial to the present and the future. This is not only a wise move, but also the proper meaning of a responsible neighbor. China and Nepal need to carry out practical cooperation projects such as earthquake monitoring network and community disaster prevention and reduction in the field of disaster prevention and reduction. Since the establishment of diplomatic relations in 1955, China and Nepal have continuously deepened practical cooperation in earthquake prevention and disaster reduction, relying on traditional friendship. China should provide earthquake monitoring assistance to Nepal and provide real-time geological data sharing and disaster early warning technical support for Nepal; At the same time, advanced disaster relief equipment, including laser scanning system that can quickly complete three-dimensional modeling of disaster situation, two-wheel opposite-direction cutting equipment that can realize fine demolition operation, and remote-control intelligent excavation machinery that Nepalese rescuers have mastered skillfully, can improve the emergency response efficiency in Nepal after the disaster. In terms of capacity building, China should continue to carry out community disaster prevention projects in Nepal, strengthen grassroots resilience, and systematically train disaster relief departments in Nepal to master emergency life support technologies for five common types of earthquake-induced injuries, such as head trauma and fracture, through live-action peacekeeping and medical joint drills.

However, despite the profound historical cooperation foundation and initial mechanism between China and Nepal, the current cooperation in disaster prevention and mitigation between China and Nepal still faces a series of challenges. First, the level of cooperation between China and Nepal is low, and the existing cooperation is mostly driven by emergency response, lacking a long-term and systematic joint disaster prevention and mitigation planning and coordination mechanism. In the mudslide incident at the Geelong Port in 2015, the cooperation between China and Nepal was mainly reflected in personnel search and rescue and infrastructure repair after the disaster, and no long-term mechanism such as pre-disaster risk assessment and early warning system co-construction was formed. Second, there is a big gap in capacity building between China and Nepal. Nepal's disaster prevention infrastructure is weak, professional rescue force is insufficient, and public awareness of disaster prevention is lacking. Meanwhile, Tibet, China's own disaster prevention capability needs to be improved, and its cross-border joint action capability needs to be strengthened. Third, the technical data sharing between China and Nepal is not smooth, and there are differences in technical standards such as disaster assessment model and data format between the two countries, which affects the efficiency of coordination. Any country will be extremely vulnerable in the face of natural disasters. As a country with high vulnerability to natural disasters, Nepal is naturally sensitive to sovereign independence and worried about additional conditions for aid. Understanding these challenges and concerns is the premise of deepening cooperation between China and Nepal. China has always been aiming at teaching people to fish, ensuring Nepal's leading position in rebuilding international cooperation, respecting Nepal's sovereignty, security and development needs, and not attaching any political conditions to aid.

If we want to break through the bottleneck of current cooperation in disaster prevention and mitigation, China and Nepal need to actively promote cooperation in the field of disaster prevention and mitigation and explore the key path of deepening cooperation. First of all, a ministerial dialogue mechanism between China and Nepal on disaster prevention and mitigation and emergency management should be established, and a medium-and long-term cooperation plan should be formulated. Relying on the main platform of the Belt and Road international cooperation mechanism for natural disaster prevention and emergency management, we will deepen bilateral cooperation with key neighboring countries by building regional and sub-regional cooperation mechanisms, promote the establishment of bilateral, tripartite and even multi-party cooperation between countries, complement each other with existing international and regional cooperation mechanisms, and work together to contribute to regional peace and development. Secondly, we should focus on building earthquake monitoring network and flash flood early warning system in Nepal and upgrading emergency shelter facilities. At the same time, a special fund will be set up to support scientists of the two countries to jointly tackle the mechanism of cross-border disaster chain and early warning technology, and jointly build and share a multi-source disaster monitoring big data platform in Himalayan region to ensure that early warning information covers the last mile. Thirdly, all cross-border infrastructure projects aided or participated by China must implement disaster prevention standard management throughout the process; Implement collaborative engineering treatment for high-risk landslides and debris flow ditches on the border; Simultaneously promote bilingual disaster prevention science popularization, emergency drills and mutual assistance network construction in border communities, and build a grassroots defense line. Finally, in the face of the concerns of some other countries, China will demonstrate the essence of cooperation between China and Nepal with transparent actions, focusing on Nepal's people's livelihood needs and social development. At the same time, it also welcomes third parties that meet international standards to participate in Nepal's cooperation in disaster prevention and mitigation, and always follows the principle of Nepal leading and zero political conditions, so that disaster prevention and mitigation cooperation can truly become a peaceful link across geographical barriers.

To sum up, under the background of intensified climate change and frequent extreme disasters, the geographical reality that China and Nepal are connected by mountains and rivers determines that the two sides share weal and woe in disaster prevention and mitigation. Deepening China-Nepal cooperation is not only a strategic choice to ensure the security and development of their respective countries, but also an important measure to promote regional stability and prosperity. Building the life defense line of the Asian Water Tower will not only protect the social peace of the two peoples, but also provide a successful example for building a community of peripheral destiny and practicing global security initiatives. With greater determination and pragmatic actions, China should promote the deepening of cooperation in disaster prevention and reduction between China and Nepal, and make prosperity and development the mainstream voice of cooperation between China and Nepal.

***Na Gu & Mingyang Zhang,Scholars, Southwest University of Political Science and Law, P.R.China.***

# Nepal's Middle-Income Dream: Rhetoric Without Reform, Vision Without Sustainable Economic Foundation

## By Kedar Neupane

***A Country Trapped in Super-Nationalist Political Party Musical Chairs: A Costly Illusion Without Pragmatic Transformation.***

Nepal urgently needs a bold and realistic development vision for long-term economic prosperity. While globalization offered transformative opportunities in recent decades, Yet Nepal failed to reposition itself strategically. Geographically situated between two of the world's largest and fastest-growing economies, India and China, Nepal could have become a bridge of commerce, supply chain, innovation, and regional cooperation. Instead, the country remained paralyzed by indecisiveness and partisan bickering, state capture and trapped in outdated political-economic thinking, and a lack of critical innovation matching the public aspirations of the time.

In today's interconnected global economy, clinging to outdated ideologies of super-nationalism and ultra-patriotism is not only delusional but counterproductive and self-defeating. Countries like India, China, Indonesia, Brazil, Ethiopia, Rwanda, Thailand, the Philippines, Malaysia, and Vietnam have embraced pragmatic strategies focused on competitiveness, innovation, and regional collaboration.

Nepal's protectionist economic policy postures, often framed in nationalistic rhetoric, has only alienated foreign investors and hindered growth. Empty pride cannot substitute sound policy pragmatism. National dignity without economic strength becomes a hollow illusion and a mere hallucination. Over the decades, Nepal has not to scaled up the economic ladder and continued to remain at the lower scale on the purchasing power parity measure of the World Bank in Asia, and the poorest in South-Asia.

***Food Sovereignty: The Forgotten Foundation of National Security***

True national security begins with food sovereignty. Today, Nepal imports nearly all essential food staples and petroleum products from India. This growing dependency is alarming. Despite this, policy leadership remains passive. Meanwhile, millions of Nepali youth toil in the informal sector or migrate abroad, legally, or otherwise, in search of livelihoods their own country fails to provide.

Out-migration has become tragically normalized. Rural communities are hollowed out. The diaspora now constitutes a third of Nepal's broader identity, more a symptom of national despair than global opportunity.

***Youth Disillusionment and Economic Policy Paralysis***

Nepal must urgently rethink its pragmatic economic policy. With more than 56% of the population under thirty, the youth are central to national rejuvenation. Yet their aspirations are stifled by slogans masquerading as strategy. Super-nationalism offers no jobs. It only limits creativity and entrepreneurship and adds to disillusionment.

Nepal's investment environment is incoherent, marked by policy inconsistency and lack of investor confidence. Economic nationalism, repeated as ***political rhetoric, cannot lift people out of poverty.*** It isolates Nepal from the interconnected world's economic progress. Between 1990 and 2020, globalization lifted over a billion people out of poverty, led by China and India. ASEAN and BRICS countries leveraged trade, investment, and market reform to grow. In 2024, BRICS nations accounted for 35% of global GDP, overtaking the G-7, a tectonic shift, unprecedented in economic history of the world.

In contrast, countries like Nepal, Zimbabwe, Cuba, Venezuela, North Korea, and Eritrea remain economically marginalized, trapped by outdated political ideologies and economic stagnation. Their citizens pay the price and remain far behind the growth curve of well-being and quality of life.

***The Cold War Is Over - So Should Be the Grounded Mindset***

The Cold War once justified ideological nationalism. But since the Berlin Wall fell in 1980 and the USSR disintegration, the world has transformed both politically and economically. Regional blocs like the EU, ASEAN, BRICS, NAFTA, MERCOSUR, and RCEP have reshaped the global economy.

China rapidly built immense new wealth under centralized leadership, blending market principles, like in capitalist economy, with social control and became the world's largest manufacturing hub of consumer goods, and parallelly dominating the supply-chain. India led the digital innovation in knowledge economy, redefining economic power shifts away from the Global North, unprecedented in economic history of the globe. These revolutionary developments created additional new wealth away from the Western



World, a multipolar geo-economy emerged. India, with its balancing strategic autonomy (by dumping away non-alignment) policy and structural reforms, has committed modernization and diversifying its economy.

The global economic center has shifted decisively to Asia and the Global South. Yet Nepal remains stuck in Cold War-era mentalities and narrative traps, missing the wave of transformation others have ridden to success.

***Political Economy in Disarray: Rhetoric Over Strategy***

Nepal's political leadership and elites have repeatedly failed to produce a coherent and credible economic roadmap. Despite frequent much-hyped investment summits and reform pledges, little has changed, except empty political headlines. Investor skepticism has deepened further due to unreliable policy and corrupt governance.

In a multipolar geo-economic world, recycled ideological narratives do not attract capital. *Business-as-usual* based on *out-of-context* grounded narratives do not attract foreign capital investment. What is needed is ***critical thinking in public policy*** domain for encouraging innovation, entrepreneurship, and a growth model that prioritizes inclusive prosperity.

National rhetoric does not attract private investors and create competitive consumer markets. Proto nationalism cannot build sustainable roads or generate jobs. If economic nationalism has failed before, why expect it to succeed nowż Political rhetoric and illusionary dream of republicanism do not resonate with daily struggles of ordinary citizens. People want economic prosperity linked with high quality of living standards and well-being, not super-nationalist theatrics. The average citizen does not seek ideology, they seek quality education, healthcare, employment, food security, economic gains, and dignity.

***Path to Transformation: A Realistic Reform Agenda***

To break free from stagnation, Nepal must embrace structural reforms at all levels of governance orderliness. Transformation must begin with governance and quality education, foundations for a knowledge-driven economy. Key pillars include:

· Foster entrepreneurship and innovation: Establish platforms for startups, youth ventures, and tech ecosystems.

·***Invest in infrastructure and energy***: Prioritize reliable energy, transport, and coordination to support long-term sustainable investment.

·***Create a stable and transparent investment climate***: Streamline bureaucracy and offer policy consistency to domestic and foreign investors.

·***Support small and medium-scale enterprises***: Enhance access to finance, training, and technology for Small and Middle-Scale Enterprises.

·***Embed critical thinking in education***: Revise curricula to promote critical thinking analysis, creativity, and problem-solving competency.

·***Eradicate corruption, red tape, and political impunity***: Strengthen and implement rule of law and ensure accountability at all institutional levels.

·***Consolidate investment laws***: Codify clear, simplified legal frameworks into an easy-to-understand single document, and implement stipulated provisions guaranteeing trustworthy assurance to capital investors.

***Regional Cooperation: From Optics to Outcomes***

Nepal's participation in BRI, SAFTA, and BIMSTEC is encouraging, but only if these initiatives deliver real economic benefits for ordinary citizens. Diplomacy must go beyond photo-ops and news headlines. Pragmatic economic integration should focus on regional value chains, market access, competitive exports, and employment. Nepal must rebuild public institutions to be ethical, capable, and rule based. This is the foundation for attracting capital investment and fostering inclusive growth. The commitment must extend beyond politics, to the private sector, civil society, and diaspora.

True nationalism lies not in political slogans but intangible economic outcomes. Without prosperity, neither democracy nor nationalism hold meaning for the people. The era of rhetorical dreams orchestrated in the camouflage of democracy and republicanism must end. Nepal's future lies in pragmatic realism, reform, and responsibility.

*Kedar Neupane, a founding executive board member of the Nepal Policy Institute (NPI), is a retired UNHCR official with 38 years of international service across Africa, the Middle East, Asia, and Europe. He previously served as Senior Change Management Advisor to the UN High Commissioner for Refugees in Geneva, Switzerland. Views are personal.* ***neupanek1950@gmail.com***

# इतिहासका तीतामीठा कुइनेटाहरू


डा. शास्त्रदत्त पन्त

बिशाल शक्तिशाली नेपाल एकिकरणको अभियानका शिलशिलामा बहादुर शाह गोरखा गएका हुन्छन् । त्यही मौका छोपेर  राजेन्द्रलक्ष्मीले चौतारा बलभद्र शाहको मद्दत लिएर माहिला ससुरा महोदम कीर्ति शाह र पण्डित ब्रजनाथ पौडेललाई लिन प्रवास पठाउँछिन् । बहादुर शाहले जिम्मा दिएका काजी दलजीत शाह र चौतारिया बलभद्र शाहले रोक्न सक्तैनन् । ससुरा महोदाम कीर्ति शाह र पण्डित ब्रजनाथ पौडेल प्रबासबाट नेपाल आउँछन् । भारदारी सभा बस्छ । सभामा महारानी राजेन्द्रलक्ष्मी माथि अन्याय भयो भनेर आवाज उठाउँछन् । फलतः वि.सं. १८३६ असार १० गते राजेन्द्रलक्ष्मी नजर बन्दबाट मुक्त भएर फेरि शासनको बागडोर हातमा लिन्छिन् ।

काजी दलजित शाह गोरखा जान्छन् र त्यहीबाट बहादुर शाहलाई लिएर फेरि परबास पुग्दछन् । महारानीले मिथ्यापवाद लगाएको भनेर श्रीहर्ष पन्तलाई मुख डामेर देश निकाला गरिदिन्छिन् । दुईजना खवासलाई शूलिमा रोपेर, अरु दुईजनालाई हात्तीले कुल्चाएर मार्न लगाउँछिन् । सर्वजित रानाका भाइ बन्धु राना र देवदत्त थापा काजी बन्छन् ।

राजदूतका रुपमा काशी बसिरहेका गजराज मिश्रलाई पदच्यूत गरेर पण्डित ब्रजनाथ पौडेललाई नियुक्त गर्दछिन् । यसैबीच दरबार कचिङ्गलमा अलमलिएको मौका छोपी तनहुँका राजाले आफ्नो गुमेको राज्य फिर्ता गरिहाल्दछन् ।

राजमाता राजेन्द्रलक्ष्मीलाई यसको कुनै चिन्ता हुदैन । सबै व्यवधान हटेकाले पहिलेजस्तै स्वच्छन्द भएर भोगविलासमा मस्त हुन थाल्दछिन् । राष्ट्रभक्त काजी वंशराज पण्डे र सरदार शिवनारायण खत्रीले - अब नेपाल विस्तारको अभियान अगाडि नबढ्ने ठहर गरी भारततिर पलायन हुन्छन् । फलतः चौविसे राजाहरू नेपाल अधिराज्य विरुद्ध जुर्मुराउन थाल्दछन् । लमजुङको नक्कल गरेर कर्णसेनकी विधवा रानीले राज्य फिर्ताको सपना देख्छिन् । नेपालबाट पलायन भएका पूर्व काजी स्वरुपसिंह कार्कीले उनलाई सघाउन तयार हुन्छन् । पश्चिमका चौविसे राजाहरू पनि आक्रमण गर्न तयार हुन्छन् । सिरानचोक गढी ( गोरखा) मा वि.सं. १८३८ माघ २५ गते (४ फेब्रुअरी १७७२) मुठभेड हुन्छ । २१५ जनाको क्षतीमा विजय हात लाग्छ ।

कास्कीका राजा सिद्धिनारायण शाह बाहेक पश्चिमका राजा नेपाल बिरूद्ध लड्न तम्सिन्छन् । लमजुङका राजा वीर मर्दनले कास्कीलाई कब्जा गर्दछन् । राज्यको नाजुक अवस्था भएपछि राजमाता राजेन्द्रलक्ष्मीले निर्वासनमा रहेका काजी वंशराज पाण्डेलाई फिर्ता बोलाउँछिन् । उनका भाइ दामोदर पाण्डेलाई काजी पदमा नियुक्त गर्दछिन् । यिनीहरूले २८३९ साल कार्तिक १७ गतेमा लमजुङलाई नेपालमा मिलाउँछन् । कास्कीलाई सम्झौताबाटै नेपालमा मिलाउँछन् ।

स्वरुपसिंह कार्कीलाई झिकाउँछिन् । नेपाल विरुद्ध लागेका पाल्पाका सेन राजालाई दमन गर्न त्याहाँ पठाउँछिन् । सिरानचोक लडाइ जितेर फर्केका सुवेदार भीम खवासलाई मन्त्री सरहको टक्सारी पदमा नियुक्त गर्छिन् । त्यसबाट काजी वंशराज चिढिन्छन् । उनलाई १८४० पौष १५ गते (२७ डिसेम्बर १८८३) का दिन देश निकाला गरिदिन्छिन् ।

नेपाल विस्तार गर्ने काममा भरखरै थालनी भएकै बेला रानीमा क्षय रोगको लक्षण देखिन्छ । तिनताक त्यो असाध्य रोग मानिन्थ्यो । उनी बालक राजा रणबहादुरको भविष्यतिर जुट्छिन् । राजकुमार दलजित शाहलाई वि.सं. १८४१ आश्विन महिनामा परबासबाट काठमाडौं बोलाउँछिन् । बालक राजाको १ वर्ष पहिले नै गरिएको ब्रतबन्धमा राजकुमार बहादुर शाहलाई पनि बोलाउँछिन् ।

देशभक्त एवम् राजभक्त काजी वंशराज पाण्डेको भण्डारखालमा हत्या भएपछि बहादुर शाह दुखित हुन्छन् । तर भाउज्यूको अगाडि बोल्ने आँट गर्दैनन् । लगत्तै भाउज्यूले बहादुर शाहलाई वि.सं. १८४३ अषाढ ३२ गते (२ जुलाई १७८६) गिरफ्तार गर्दछिन् । उनलाई फर्पिङमा कैद गर्दछिन् । यो उनको अर्को पटकको कारावास थियो । बहादुर शाह कैद भएको १२ दिनपछि २०४६ श्रावण २ गते राजेन्द्रलक्ष्मीको देहान्त हुन्छ । त्यतिबेला राजा रणबहादुर ११ वर्षका थिए ।

भाइ फुटे गबार लुटे । टक्सारी भीम खवासले नै प्रमुख वागडोर हत्याउने असफल प्रयास गर्दछन् । धन दौलत बोकेर विदेश पलायन हुन्छन् । राजमाता बितेको दशौं दिनमा बहादुर शाहलाई जेल मुक्त गरी एघारौं दिन सपिण्डी श्राद्ध गरिन्छ ।

राजेन्द्रलक्ष्मीका चालाले गर्दा मातहत भइसकेका राज्यले पनि  मुन्टो उठाउँदछन् । चौदण्डी र विजयपुर राज्यका विधवा रानीले भूटान, सिक्किम र इण्डियाको सरकार सँग आफ्नो गुमेको राज्य फिर्ता गराउन मद्दत माग्दछन् । कंपनी सरकारका वारेन हेष्टिङले हात झिक्दछन् । त्यसपछि बिधवा रानीले पाल्पाका राजा मुकुन्द सेनका कान्छा छोरा ध्वजवीर सेनलाई धर्मपुत्र बनएर पाल्दछिन् ।

रानी राजेन्द्रलक्ष्मी आत्थुआत्थु हुन्छ । बहादुर शाहसँग वेतिया गएर बसेका बंशराज पाण्डेलाई झिकाउँछिन् । उनलाई युद्ध व्यवस्थाको जिम्मा दिन्छिन् । उनले दलमर्दन शाहलाई पनि बोलाउँछिन् । यिनको प्रयत्नबाट १ नोभेम्वर १७८२ मा लम्जुङ अधिनस्त हुन्छ । गोरखामा गाभिन्छ । लगत्तै भारतमा लुकेर बसेका ध्वजवीर सेन समेतलाई अभिमान सिंहले काटिदिन्छन् । पूर्वको किचकिचको पनि अन्त्य गर्दछन् । त्यसको लगत्तैपछि अभिमान सिंह वस्नेत, नरशाह र स्वरुप सिंह कार्कीको नेतृत्वमा गएको फौजले पर्वत, कास्की र नुवाकोटलाई सन १७८५ मा नेपालमा मिलाउन सफल हुन्छ । तनहुँका राजा भूपनारायण शाह र गरौंका राजभक्त खानले आत्मसमर्पण गर्दछन् । ७ वर्षे यो युद्धमा लम्जुङ, तनहुँ, कास्की सतहुँ, रिसिङ, घिरिङ, पश्चिम नुवाकोट, चरिकोट राज्यहरू नेपालमा गाभिन्छन् ।

त्यस बखत भागेर पाल्पासँग मिलेका स्वरुप सिंह कार्की चौदण्डी र विजयपुर राज्य फिर्ता गराउने प्रयत्न गर्दछन् । पूर्व र पश्चिबाट एकै साथ नेपालमा आक्रमण हुन्छ । काजी बलभद्र शाह, काजी देवीदत्त थापा र दामोदर पाण्डे को नेतृत्वमा गएको फौजले बिद्रोह दबाउँछ । परास्त गराउँदछ । उता पर्वत राज्यले कास्कीमा हमला गर्दछ । कास्की राज्यले गोरखामा शरण मागेर वस्दछ । बहादुर शाह बाहेक अरु कोही मुख्तियार भएको राज्य एकिकरण गर्न प्राप्त उपलब्धि गुम्ने संभावना थियो ।

सन १९८५ मा १० वर्ष पुगेका राजा श्री ५ रणबहादुरको  व्रतवन्धमा नायबी चलाई रहेकी रानीले निर्वासित बहादुर शाह र वंशराज पाण्डेलाई निम्ता पठाउँछिन् । व्रतवन्ध सकेको चौथो दिनमा वंशराजलाई रानीले काट्न लगाउँछिन् । बहादुर शाहलाई जेल हाल्छिन् । त्यतिखेर  रानी क्षयरोगले ग्रष्त भएकी हुन्छिन् । १३ जुलाई १७८५ मा क्षयरोगबाट उनको मृत्यु हुन्छ । बहादुर शाह जेल मुक्त हुन्छन् । फेरि नायबी सभाल्दछन् ।

बहादुर शाह एक मात्र परिवारका त्यस्ता व्यक्ति हुन् जसले पृथ्वीनारायण शाहका सपना साकार बनाउन चाहन्छन् । गद्दीआसिन यिनका दाजू (राजा) राज्य बिस्तार गर्ने कुरा चाहँदैनन् । युद्धमा धन खर्च हुने र आफुले चाहे अनुसार खर्च गर्न नपाउने मुख्य कारण हुन्छ । यही कुराको मतान्तरणका कारण उनलाई बेतिया गएर बस्नुपर्ने बाध्यता हुन्छ । राजेन्द्र लक्ष्मीको मृत्यु पछि बहादुर शाहले रणबहादुर शाहको नायवी चलाउँदछन् । नायवीको थोरै दिन वितेपछि स्वरुपसिंह कार्कीलाई ८ अगस्ट १७८५ मा शीरक्षेदन गरेर दण्ड दिन्छन् । भाउजूका पालमा निर्वासित जीवन विताएका सबैलाई बोलाउँदछन् । जेलमा रहेकालाई जेलमुक्त गर्दछन् । आफ्नो स्थिति मजवुत बनाउँदछन् । बहादुर शाहले रणनीतिक रुपमा पाल्पाका राजा महादत्त सेनकी छोरी विद्यालक्ष्मी सँग विवाहा गर्दछन् ।

बहादुर शाहले उनका पिताले जस्तै एकिकरणको नीतिलाई कृयाशील बनाउँदछन् । उनको नीति अनुसार पहिले आश्रित राज्यको सुरक्षागर्ने, आश्रित हुन चाहनेलाई आक्रमण नगर्ने र विजित राज्यका जनताप्रति राम्रो ब्यवहार गर्ने र तिनलाई सुरक्षा प्रदान गर्ने हुन्छ ।

वि.सं १८४३ जेष्ठ १० नेपाली फौज गुल्मी पुग्ने वित्तिकै त्यहाँका राजा शिवनारायण शाह भाग्दछन् । गुल्मी युद्धनै नगरी नेपालमा गाभिन्छ । लगत्तै अर्जुङ, रेसुङ्गा, सल्यानथोकी, चन्द्रकोटहरू पनि नेपालमा गाभिन्छन् । त्यस पछि अर्घा, खाँची र धुरकोट अधिनस्त गरिन्छ । १ नोभेम्वर १७८६ मा पर्वतका राजा कीर्तिबम मल्लले आत्मसमर्पण गर्दछन् । पर्बत पनि नेपालमा गाभिन्छ । त्यसको लगत्तै दाङ र रोल्पा अधिनस्त हुन्छ । मुस्ताङका राजा आग्याल दोर्जेले पनि आत्म समर्पण गर्दछन् । जाजरकोटका राजा गजेन्द्रशाहले वार्षिक रू ७०००।- सिर्तो बुझाउने गरी आश्रित राज्य बन्न स्विकार गर्दछन् । त्यसपछि नेपाली फौजले भेरी नदी तर्दछ । दैलेख र अछामलाई  अधिनस्त गर्दछ ।

कुमाउँका राजा मोहन चन्द्र र मन्त्री जयकृष्ण जोशी वीच तनाव वढि रहेका बेला वि.सं १८४४ फाल्गुन ३ मा कुमाउसँग एकानी शत्रु एकानी मित्रको सन्धी गर्दछन् । सन्धी अनुसार पूर्वतिर नेपाल र पश्चिमतिर कुमाउले शासन गर्ने तय हुन्छ । मोहनचन्द्रलाई पदच्यूत गरेर गढवालका राजा कामाई प्रद्युन्न शाहलाई कुमाउँको राजा बनाइन्छ । कुमाउँको संरक्षण पाएका जुम्ला र डोटी स्वतः कमजोर हुन्छन् । सन १७८९ मा जुम्ला र डोटी नेपालमा गाभिन्छन् ।

कुमाउमा मोहन चन्दका भाइ लालसिंहले प्रद्युँन शाहलाई लखेटी मोहन चन्दका छोरा महेन्द्रचन्द राजा हुन्छन् । कुमाउँका जोगीहरूको सहयोगमा सन १७९० मा अलामोडामा विजय प्राप्त हुन्छ । सन १७९१ मा श्रीनगर (गढवाल)लाई नेपालले कब्जा गर्दछ । गढवाल पछि सिरमौर राज्यलाई अधिनस्त गर्दछन् । यसैविच चीन र तिव्वतसँग युद्ध चर्किंदै जान्छ । त्यसकारण पश्चिम सीमा देशसँग सुलह गरी फौवलाई फिर्ता बोलाउँदछन् । पश्चिम एकिकरण गर्न बहादुर शाहले देवीदत्तगणको स्थापना गरी यी युद्धको नेतृत्व काजी जीव शाह, काजी शिवनारण खत्री, सरदार अमर सिंह थापा, जोगनारायण मल्लहरूले गर्दछन् ।

पृथ्वीनारायणको योजना र अकाङ्क्षा अनुसार राज्य विस्तारमा लागेका बहादुर शाहले पहिलो चरणमा नै गुल्मी, अर्घाखाँची, पर्वत, मुस्ताङ, मुसिकोट, गलकोट, दाङ, प्युठान र जाजरकोटलाई एकिकृत गर्न सफल हुन्छन् । यी नतिजाले उनी उत्साहित हुन्छन् । त्यसपछि उनले नेपालमा व्यापार विच्छेद गरेको कुती र केरुङ (तिब्बत) माथि चढाइ गर्दछन् । त्यहाँ विजय प्राप्त भएपछि सुलह योजना बन्दछ । युद्ध खर्च वापत १ करोड रुपैयाँ वा दुई मध्ये कुती प्रदेश नेपालमा मिलाउने नेपाले प्रस्ताव गर्दछ । अन्त्यमा तिब्बतले वार्षिक ५० हजार रुपैयाँ नेपाललाई बुझाउने सम्झौता हुन्छ । तिब्बतबाट नेपाल बसाइँ सरेका श्यामर्पा लामालाई समेत त्यस सन्धी पत्रको साछीमा राखिएकाले तिब्बतीहरु बहादुर शाहसँग रिसाउँछन् । फलतः दोस्रो वर्षदेखि सर्त बमोजिमको रकम नेपाललाई बुझाउँदैनन् । सन्धी संशोधन गर्ने भन्ने तिब्बती प्रस्ताव अनुसार कुतीमा वैठक बोलाइन्छ । तिब्बतीको षडयन्त्र श्यामर्पा लामालाई त्यहाँ गिरफ्तार गर्ने थियो । लामा त्यहाँ नगएको बहानामा तिब्बतले बार्ता भङ्ग गर्दछ । बार्ता भङ्ग गरेकोले तिब्बती पक्षका वार्ताकारलाई गिरफ्तार गरेर काठमाडौं ल्याइन्छ ।

# फेक समाचार वा महिलाको भविष्यसँग खेलवाड


सुरेशकुमार पाण्डे

अचेल मिडियालेपनि गर्नु गरेको छ ।मूलुकी अपराध संहिन्ता लागु भएको दिन १भदौ २०७५ देखि पूर्णतः निषेध गरिएको बहुविवाहलाई निश्चित परिस्थितिमा छुट दिने गरि सरकारले कानुन ल्याउन लागेको “समाचार मिडियाहरूमा आएको छ ।त्यसपछि बिभिन्न संग संस्था र वौदिक व्यक्तिहरूले आ आफ्नो ठाउबाट आ-आफ्नै प्रकारका बिचारव्यक्त गर्नुलाई गलत भन्न सकिदैन । बरू यसले जनताको सचेतनास्तरलाई नै बताउँछ ।

जनतले मिडियामा आएको समाचारलाई नै आधिकारिक सम्झिने गरिन्छन् ।अब त्यो आधिकारिक हो वा फैक त्यो हेर्नेकाम हो प्रसाशन, सरकार वा सरोकारवालाको ।

देशको सम्विधानमा समावेसी र समाजवाद अन्मुख लेखेपछि व्यवहारमा जे-जस्तो गरेपनि हुनेरहेछ ।आखिर संसद भनेको वुजुर्वाहरूको गफ गर्ने थलो नै रहिछ । दार्शनिकहरूले भने झैं खसिको टाउको झुण्डाएर कुकुरको मासु बेच्ने पसल यस्तै भएर त होला भनेको  । यो संसदिय व्यवस्थालाई कसरी बिस्वास गर्ने ? वा नगरेर पनि के गर्न सकिन्छ ? सर्वसाधारण जनता चिन्तित् छन् ।

बिभिन्न खालका राष्ट्रघाती विधेयक यहींबाट पारित हुन्छन् । यहाँ सम्म पुग्ने भनेका त जनताका प्रतिनिधि बनेर आएका हुन् ।

सडकमा आफैले बिरोध गर्छन् सरकारमा पुगेभने त्यो विधेयक आफैले पारित गराउँछन् । अपराधीहरूलाई प्रहरिले आफ्नो प्राणको बाजि लगाएर दिन रात एक गरि छोपेर जेलमा हाल्छन् ।माथिबाट आम माफी हुन्छ ।

लेङ्गिय बिभिदका नियम कानुनहरू यतैबाट पारित हुन्छन् ।कसैले फैक समाचार भन्छन्,कसैले बिश्रृत् रूपमा व्यख्या गरेर प्रारण गर्छन् अथवा लेखिरहेकाछन् । जनतालाई त सबैले भेंडा नै बनाएका हुन्छन् । यदि कसैले समाजिक सद्भाव बिथुल्न फैक समाचार सप्रेसण गर्छ भने त्यसलाई कसले हो सच्चाउने ? सरकारले त्यस्ता फैक समाचारहरू काहाबाट प्रकासितभए ? उनिमाथि कार्वाही कसले हो गर्ने ? आगो न लाग्दै धुवाँ उठेको हुँदैन । बहु विवाहको कानुन नै न ल्यायपनि बिगतमा बहुपत्नीका लोग्ने अँझै माथि तल हाम्रो  समाजमा भेट्टि रहेकाछन् । उनीहरूको तमासा दर्शक बनेर सदैभरी हेरिरहन पनि सकिदैन । बाटोमा आफ्ना बालबालिका फालेर पनि सुरक्षित् बसेका छन् ।त्यो अपराध होइन ? उनिहरूलाई कानुनको दायरामा असले हो ल्याउने ?

महिलाहरू अपहेलित र तिरस्कृत भएकैछन् ।कतै मोडल भनाएर कतै चिजहरूमा उनिहरूको अर्ध नङ्गन तस्विर चप्काएर, समान कार्य गराएपनि ज्यालामा विभेद अंझैपनि देखिन्छ ।हामि जस्तै आफूहरूलाई गरिब भनौदा ठेकेदारहरूले दिने ज्यालामा बिभेद हुनेगर्छ ।ठुला ठेकेदारहरूले त सिधै लुटेका हुन्छन् ।

अनि कसलाई भन्ने ? यो देशको नियम हात्थिको देखाउने दाँत मात्र भएको छ ।छाउगोठमा अँझैपनि बिभिन्न कारणबाट महिलाहरू मरेका देखिन्छन् । महिलाहरू अहिलेपनि समाजमा अपहेलित छन् । बोक्सिको आरोप निर्दोशले पनि झेलेकै हुन्छन् । यद्यपि हामी सबैलाई जन्माउने हुर्काउने महिला नै हुन् ।

दहेजको बलि चढेका हुन्छन् ।सरकार र प्रसाशनहरू त यस्ता घटनाहरूलाई लुकाउने माध्याय बनेका हुन्छन् ।

कुनैपनि घटनालाई एकपक्षिय रूपमा हेर्नु गलत हुन्छ । अहिले न्यायको कुरा गरिरहंदा उधारणका लागि भन्नुपर्दा ।अचेल उस्तै महिलाहरूको हर्कत पनि छ । लव इन टुगेदरमा बसेर जन्माएका छोराछोरीलाई हक अधिकार दिलाउने कुराहरूले उनिहरूको पहिल्यै देखि घरमा भएका बालबालिका महिलाहरूको अधिकार खोसिएको मान्नु पर्यो की परेन ? विवहाको उमेर पनि १८/२० ठिकै हो ।यो कानुनी मान्यता भएपनि कसैले तीस वर्ष सम्म विवाह नगरेपनि किन गरेनस् भनेर उसलाई प्रताडित वा सजाय दिने कुरा भएन ।यो त न्यूनतम् कानुनी सिमा नै हो । पछि पछि विस्तारै समाजले चौबीश पच्चीस वर्ष गराएपनि त्यो सयममा गराउन सकिन्छ ।

अहिले १८-२० वर्षलाई बालिग मानेर उनिहरू बिच विवाह हुन्छ भने ठिकै हो । त्यो वेलासम्म राम्रो नराम्रो बारे जाँचबुज गर्नसक्ने क्षमताको विकास भएकै हुन्छ ।

यी सामन्या कुरा हुन सकेसम्म अहिले समाजमा पढेलेखेका युवाहरू द्वारा आफ्नो भविश्य कसरी उज्वोल बनाउने भन्नेबारे अन्जान छैनन् । त्यसको पछाडी उनिहरूका आफन्ती पनि छन् ।असली मुद्दा त महिलाहरूलाई छोरा सरह समान अधिकारको हुनुपर्छ,छाउगोठको विरूद्धमा कस्तो व्यवहार अप्नाएर यो कुरितीलाई पञ्छाउने,बलात्कारिहरू माथि कस्तो व्यवहार गर्ने, दाइजोप्रथा समाजमा प्रवेश गरेको कलङ्कको बारेमा कसरी यसलाई फैलिनबाट रोक्ने आदि विषयमा छलफल गर्नुपर्ने हो ।तर आज  दुःखलाग्छ सरकारको यस्तो व्यवहार देख्दा र सुन्दा आखिर पुरूषले कति विवाह गर्ने लव इन टुगेदर वा रिलेसनमा परेर जन्मिएका बालबालिकालाई न्याय दिने र उनिहरूलाई कार्वाही गर्नुको सट्टा बहु विवाह गर्ने छुट दिएपछि समस्या समाधान होला त ? बरू विस्तारै समाजलाई पुरानो धरतलमा पुराउने योजना पो छ की ! सती प्रथा तर्फ फर्काउन पो खोजिएको छ की ? आसङ्का उब्जिरहन्छन् । संसदमा बसेका छोटे महाराजहरूलाई धेरै स्वास्नी राख्ने मन लग्यो की ? हुन त उनिहरूको एउटीले मन नभरिन सक्छ । जनताको पसिना बाट आएको रूपियाबाट पाल्न सकिन्छ ।

जीवन साथि भनेको त जीवनभरिको लागि हो ।तर पश्चिमको संस्कारलाई पनि उल्टा रूपमा बुझ्न थालेका छन् । प्रगतिशीलको हर्थ छाडा व्यवहारले आज समाजमा विक्रिती सिर्जना भएको देखिन्छ । गीत उस्तैछन्,नृत्य जस्तो नृत्य छैन ।हुन त हाम्रो देशमा सदियौं देखि ठटौले पारामा निर्णय लिने बानी बसेको छ । सतीप्रथा जस्तो घृणित व्यवहार यही देशका शासकहरूले अप्नाएका थाए । भर्खरै त हो सती प्रथामा रोक लगाएको  ।चन्द्र शमशेरले वि.स.१९७७मा पूर्णरूपमा रोक लगाए । जंगबहादुरले त नेपालको सती प्रथालाई हटाउने प्रयास १९१०मा १२वर्षकी किसोरी अवस्थामा लोग्नेको मृत्यु भयो भने उसलाई सती जान नपर्ने बताएका थिए । पछि उनैले उक्त उमेरलाई १६ वर्ष गराएका थिए ।दासप्रथालाई हटाउने पनि उनैले विस.१९१० मा सुरू गरेका थिए ।

तर त्यो केटाकेटी खेल झैं भयो । पछि चन्द्र शमशेरले नै वि.स.१९७१मा दास प्रथा हटाउन आवहान गरे ।१९७७/८०मा दास दासीहरूको तथ्याङ्क तैयार गर्न लगाए । ज-जस्को सर्वश्वहरण भएको थियो उनिहरूलाई तुरून्त मुक्त गर्ने आदेश गरे । त्यो वेलको कुल जनसंख्या ५५,लाख ७३हजार७८८मध्य ५१हजार ७ सय १९जना दासदासी र १५७१९जना मालिक थिए । चन्द्र शमशेरको अपिल पछि केहि मालिकहरूले विना क्षतीपूर्ति मुक्तगर्न राजी भएपछि दासदासीको उमेर हेरेर क्षतिपूर्ति तोकिएको थियो । त्यो वेलामा पनि ३६७००० खर्च गरेर उनिहरूलाई मुक्त गरेका थिए । वि.स.१९८२वैशाख १ गतेदेखि नेपालमा दासदासी मुक्त गरिएको थियो । त्यो वेला कुल ५९,८७३ दासदासि मुक्त भएको इतिहासमा भेटिन्छ । यो १०४ वर्षको राणाशासनकालमा भएको अति उतकृष्ट कार्य मध्यको थियो ।

यद्यपि पछिसम्म उनिहरू जीवन यापनको व्यवस्था नभएपछि कुनैन कुनै रूपबट दास दासी भन्न पुगेका घट्नाहरू पनि भेटिन्छन् । गणतन्त्र आएपछि त राणाले गरेको जस्तो पनि हुनसकेको छैन । बरू नियम बनाउने र भत्काउने व्यवहारले दङ्गदाश परेका छौं ।

यसरी नेपालमा कयौं प्रकारको व्यवहारबाट मानवहरूको शोषण हुँदै आएको देखिन्छ । असलमा कुनैपनि कार्यको वैकल्पिक व्यवस्था नहुदासम्म त्यो व्यवस्थाको अवशेष रहिरहन्छ । त्यसैले कसैलाई जीवन निर्वाहका लागि गाँस बासको व्यवस्था राज्यले उपलब्ध गराइदिंदैन भने स्वतन्त्रता दिएर मात्र त्यो सार्थक हुनसक्दैन । हाम्रो देशभित्रको सामाजिक अवस्था छुट्टै प्रकारको छ ।

दिनभरी सिकार खेलेर रक्सी र मासुको मातमा भजन कीर्तन गर्ने समाज छ । आफैले रिस्बत खाएर भ्रष्टाचार मुर्दावाद ! भन्दै नारा लगाउने देशमा छन् । फोहोरमा रम्नेहरूले जती पोहोरको बिरोध गरेपनि उनिहरूलाई त्यही फोहोरमा निन्द्रा लाग्छ । हिंजो मर्दकी दशौटी भन्ने उखान कतिपय ठाउँमा स्वयम महिलाकै मुखबाट सुन्न सकिन्छ । न्यायका कुरा गर्ने महिला अश्लिल गीतमा ढलेंढले भन्दा मख्ख पर्छन् ।

हामीहरू महिला मुक्तिका कुरा जति गरेपनि दलदबाट निकालेपनि उनीहरू गएर झन ठुलो खाडलमा खसेका तमाम उधारणहरू छन् । महिलालाई छोरा सरह सम्पत्तीमा अधिकार नहुँदासम्म उनिहरूको भविश्य अन्योलमा र पुरूषको आश्रृतमा रहिरहने देखिन्छ ।



पो.ब.नं. काठमाडौं ।

राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक

(साविक म.क्षे.हु.नि.) गो.हु.द.नं. ५/०६७-६८ हाल ५/०८२-८३
का.जि.का.द.नं. २५-०३९/४० भ्याट नम्बर- ३ ० ४ ५ ६ २ ४ ४ ४

मंगलबार Tuesday
२०८२ साउन २७, Aug 12, 2025





## अन्तिम पातो - शाश्वत शर्मा

# हाँस न कुखुराको चाला

दुर्गा प्रसाई करिव चार महिनापछि धरौटीमा रिहा भएका छन् । उनीसँगै तीनकुने घटनाका अन्य आरोपितहरु पनि धरौटीमा छुटेका छन् । हल्ला छ, दुर्गा प्रसाईको मुद्दा उपल्लो अदालतमा लैजाने तैयारीमा सरकार लागेको छ । जेहास्, अहिलेलाई दुर्गा प्रसाई मुक्त भएका छन् । दुर्गा प्रसाईले अब के गर्छन्, आन्दोलनलाई निरन्तरता देलान् कि नदेलान्, कार्यक्रम सार्वजनिक भइसकेको छैन । दुर्गाका प्रतिक्रिया सुन्दा उनी अझै आन्दोलित छन् । यता आफूलाई राजतन्त्रवादी भन्ने राप्रपा आन्तरिक द्वन्द्वले विभाजनको संघारमा छ । अध्यक्ष लिंगदेन र धवशमशेर गूट आआफ्नै रणनीतिमा छन् भने नवराज सुवेदीले राप्रपाको आन्तरिक बिबादलाई निर्वाचन आयोग प्रवेश गराएका छन् ।भारतीय र पशिचमा गुटमा बिभक्त राप्रपाबाट राष्ट्रवादी आन्दोलन हुनैसक्दैन भन्नेहरु बाक्लिदै गएका छन् । यो स्थितिमा दुर्गा प्रसाईले केही राहत दिएका छन् राजतन्त्रवादी मुद्दा जिवित राखेर । राप्रपालाई केही राहत मिलेको हुनुपर्छ दुर्गाका कारण । होला, दशैं तिहार, छठ पर्व आदिपछि फेरि सडक आन्दोलन गर्ने कुरा सुनिन्छ । भद्रो हेरेर गरेको आन्दोलनले कुनै लछारपाटो नलगाउने पक्का छ । अहिलेसम्मको घटनाक्रम हेर्ने हो भने सडक तताउने नेतृत्व दुर्गा प्रसाईले गरेका छन् । अनेक हण्डर ठक्कर खाएर र राजतन्त्रवादीले बेवास्ता गरेर असरल्ल छाडेका कारण दुर्गा प्रसाई अलिक परिपक्व भएका छन् । मूलकुरो विदेशीहरुले सत्तावादी र बिरोधीसँग कसरी एकैसाथ सहकार्य गर्दा रहेछन् र लाभ उठाउने रहेछन् भन्ने पनि देखियो । आन्दोलनको समयमा दुर्गा प्रसाईलाई दिल्लीले दर्जनौंपटक बोलायो, उक्सायो । अन्तमा पक्राउ गरेर नेपाल नै पठाइदियो । नतिजा ४ महिने खोरमा पुऱ्याइदियो ।

विद्या भण्डारी चीन पुगेर फर्केपछि भारतले यूटर्न लियो, प्रम ओली दक्षिण फर्किए । भारतले चीनकै पोल्टामा सुतेको अर्थमा आलोचना गरेका प्रम ओलीलाई भारतले निम्त्याएको छ । निम्तो बोकेर विदेश सचिव नेपाल आउनेछन् । यसबाट पनि थाहा हुन्छ, विदेशीको चासो उनीहरुको स्वार्थमा मात्र हुन्छ । फुटाउ र राज गर, भारतको नीति हो । यही नीतिमा यहाँ नेताहरु पनि लागेका छन् । नेपालको जतिसुकै बेहाल होस्, विदेशीहरु हरेक शक्तिलाई खेलाउन, नचाउन सक्छन् ।

गफै त हो, दलहरुभित्रै खेलेर राजनीतिक परिवर्तन सम्भव छ भन्ने गफ चर्चामा छ । कांग्रेसभित्र देउवा र शेखर, एमालेमा ओली र विद्या, माओवादीमा प्रचण्ड र जनार्दन, नाउपामा लोग्नेस्वास्नीवीच मारामार छ । जनमतमा राउत र अर्को खेमा छ । भनिन्छ, भदौको मध्यदेखि शिक्षकहरु सडकमा आउँदैछन् । कुलिङ पिरियडको विषय मुद्दा बनेको छ । यता मन्त्रीमण्डलको पुनर्गठनको कुरा, उता दुर्गा प्रसाई र रवि लामिछानेको धरौटीमा छाडिने सुरसार, राजनीति फेरि तात्ने तैयारीमा देखिन्छ । जनमत बिरोधीको पक्षमा देखिने र भिन्न प्रकारले यो पद्धति सिध्याइदिने खेल भइरहेको देखिन्छ । परिवर्तन होला, तर नेपालीले खोजेको राजासहितको प्रजातन्त्र हो । अहिलेसम्म द्वन्द्व बढेका पक्षमा रहेकाहरु राजासहितको पद्धतिमा बोलेका छैनन् । स्थापित पार्टीहरु असफल भएका छन्, नेताहरु बिफल भएका छन् तर सफलतातिर लागेका बिद्रोहीहरुले राजा, हिन्दुधर्मसहितको पद्धतिमा प्रष्ट भएको स्थिति छैन । जबसम्म बिरोधीहरु स्पष्ट हुँदैनन्, तवसम्म यो भ्रष्ट पद्धति र नेताहरु किनारा लाग्ने र जनअपेक्षाअनुसारको पद्धति स्थापिन हुनसक्दैन । के पनि सम्भव छ भने अहिले कुकुर बिराला चरित्रमा देखिएकालाई ०८४ को चुनाव नआउँदै विदेशीले मिलाइपो दिने हुन् कि ? किनकि विदेशीलाई स्वार्थसिद्ध गर्नुछ, यिनीहरुलाई सत्ता र शक्ति चाहिएको छ । नेपाल र नेपालीको भविष्यको चिन्ता कसलाई छ र ?

जबसम्म नेपाली आफै जागरुक भएर यो पद्धतिविरुद्ध जाइलाग्दैनन्, तवसम्म केही हुनेवाला छैन । राप्रपा, राप्रपा नेपाल राष्ट्रिय शक्ति, हिन्दुवादी दलहरु आदिइलाई त संवोधन गर्नु पनि बेकार हुनसजान्छ । एउटा दुर्गाले अझै हिम्मत गरेका सुनिएकाले तिनलाई मात्र मध्यनजर राखिएको हो । लाभ, लोभ र ठेक्कापट्टामा लागेकाको चेत खुलाउन जरुरी छ । हाँस न कुखुराको चालाले परिवर्तन हुन्न ।


## मानव बेचबिखन अपराध हो

- मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने,
- मानिसलाई खरिद बिक्री गर्ने र जवरजस्ती काममा लगाउने,
- कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्याबृत्तिमा लगाउने,
- प्रचलित कानून विपरित मानव अंग झिक्ने वा ब्यापारिक प्रयोजनमा खरिद बिक्री गर्ने,
- बेश्यागमन गर्ने वा गराउनेजस्ता कार्य मानव बेचबिखन मानिने कार्य हुन् ।

*यस्ता कार्य गर्ने गराउने ब्यक्तिलाई कानून बमोजिम कारवाही हुन्छ ।*

*त्यस्ता कार्य कहीं कतै भए गरेको जानकारी भए नजिकको प्रहरीमा खबर गरौं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड


# लिपुलेकबारे यथार्थ विवरण

***किरन जोशी स्थलगत निरीक्षण गर्न लिपुलेक क्षेत्र नै पुगे । उनले देखेका छन् र लेखेका छन्- नेपालको अतिक्रमित क्षेत्र भनिने गुन्जी, कुटी, नाबी, लिम्पियाधुरा क्षेत्रसम्मै पुगेर आइयो । त्यो क्षेत्र पुगेसकेपछि म व्यक्तिगत रूपमा के निष्कर्षमा पुगें भने अबको समयमा कालापानी मेरो, लिपुलेक मेरो, लिम्पियाधुरा मेरो भन्नु मूर्खता बाहेक केही हैन ।***

***सीमाविद बुद्धिनारायण श्रेष्ठको विचारमा- यी क्षेत्रहरू नेपालका हुन्, नेपालसँग पर्याप्त प्रमाणहरू छन् । नेपालले प्रमाण पछ्यारेर भारतसँग संवाद गर्न सकेन । अझै पनि समय छ, नेपालले संवादमार्फत प्रमाणका आधारमा यी क्षेत्रहरूमा आफ्नो हकभोग कायम गर्नसक्छ ।***

- संजीव रोकाहाको अध्ययनमा लिपुलेक, भ्रम र यथार्थ यस्तो छ-

२०१५ मे १५ का दिन भारत र चीनका विच भएको ४१ बुँदे सहमतिको बुँदा नं. २८ मा लिपुलेक भञ्ज्याङलाई भारत र चीन अन्तर सीमा व्यापार नाका वनाउने सहमति भए पश्चात् नेपालका अधिकाशं दल, बुद्धिजीवी एवं विभिन्न भातृ संगठनले यसको विरोध गरिरहेका छन् । एक प्रकारले भन्नुपर्दा राजनैतिक बृत्तमा ठुलो हलचल भएको छ । संसदबाट सरकारको धारणा माग हुदा सरकारले पेश गरेको जवाफबाट आम जनतालाई आश्वस्त पार्न नसकिएको तथा विभिन्न परराष्ट विद् एवं नागरिक समाजका व्यक्तिबाट आ आफ्नै ढंगले फरक फरक धारणा सार्वजनिक गरिँदिदा यसको यथार्थ के हो भ्रमण अन्योल मा देखिन्छ । हिजोआज विभिन्न राजनीतिक दलका शीर्ष नेताहरूको नियमित भारत भ्रमण भइरहदा यस विषयलाइ कसरी उठान गर्छन र आफ्नो अडान कसरी व्यक्त गर्लान् सर्वत्र चासोको विषय वनेको छ ।यस पृष्ठभुमिमा विभिन्न एतिहासिक दस्तावेजको अध्ययन एवं स्थानिय जनताको भनाई लाई समेत मध्यनजर गर्दै यो लेख तयार पारिएको छ ।

यहाँ हामिले वुझ्नुपर्ने कुरा के हो भने भारत र चीनबीच सन्धी पश्चात केही परराष्ट्रविद र सिमाविद् वाट कालापानी लिपुलेक र त्रिदेशीय विन्दु का विषयमा अभिव्यक्त विचारहरू आपत्तिजनक एवं भ्रामक छन् । लिपुलेक त्रिदेशीय विन्दु हुँदै होइन । त्रिदेशीय विन्दु त्यहाँ वाट करिव ५० कि. मि पश्चिम जोडिलंका हिमालमा पर्ने ६१८० मी को लिम्पियाधुरा टाकुरा हो । यदि कसैले यसलाई त्रिदेशीय विन्दुको रूपमा विकास गर्ने कुरा गर्छ भने भारतिय चाहनाको पृष्ठपोशक हो । महाकाली नदीको उद्गम स्थल कुटि नजिक रहेको कालापानीको ताल नै कालापानी हो । भारतले आफ्नो विस्तारवादी सोच अनुरूप नेपालको व्यास नक्कली गाविस-१ मा नक्कली कालापानी र काली मन्दिर खडा गरेको केवल हाल उत्तर प्रदेशमा बनाइएको लुम्बिनी जस्तै हो । यो नक्कली कालापानीबाट वग्ने खोलालाई धेरैले कालापानी खोला भन्नु गलत हो । त्यो तुलसी खोला हो । यथार्थमा लिपुलेक भारतले सन् १९६२ मा अतिक्रमण गर्नु पूर्व नेपालीले प्रयोग गर्थे । लिपुलेकको सम्पुर्ण दक्षिण भाग नेपालको दार्चुला जिल्लाको व्यास गाविसमा पर्छ र उत्तरी भाग तिव्बतको ताक्लाकोट हो । वि.स. २०४० सालको गोश्वारा नापी सम्म पनि कुटी, नावी र गुञ्जी लगायतका जनताहरूको नाममा मालपोत कार्यलय दार्चुलामा जग्गा दर्ता भएको छ । सन् १९६१ देखि नै भारतले यी गाउँका जनतालाई विषेश आरक्षण दिई प्राय: सवैलाई सरकारी सेवामा लगाएको र आधारभुत सेवाहरू विद्युत, खानेपानी, स्वास्थ आदि नि:शुल्क उपलव्ध गराएको कारण स्थानीयहरू आफुले नेपालमा बुझाएको मालपोत रसिद देखाउदै प्रश्न गर्छन हाम्रा गाउँलेहरूलाई भारतवाट प्राप्त भएको सेवा सुविधा नेपाल सरकारबाट पनि पाउन सकिन्छ त ?

सन् १८१६ मा नेपाल र भारतबीच सम्पन्न सुगौली सन्धिमा महाकाली नदी भन्दा पश्चिमको भुभाग भारतको हुने छ भनी स्पष्ट उल्लेख गरिएको छ । महाकालि नदिको उद्गम स्थलका विषयमा भारतले फरक मत जाहेर गरेपनी नदिको मुहान सम्बन्धी अन्तर्राष्ट्रिय मान्यता एवं वैज्ञानिक हिसावले हेर्दा ८०.१६ं पुर्व देशान्तर र ३०.४०ं आक्षांश उत्तरको कुटियाङ्दि लिम्पियाधुरा घाटिनै वास्तविक महाकालीको मुहान हो । नेपालसँग सिमा जोडिएका १३ जिल्लाको ७१ ठाउँमा करीब ६० हजार ६६२ हेक्टर जमिन भारतीय पक्षबाट अतिक्रमण भएको छ । जसमध्ये ३७ हजार हेक्टर ३ भाग दार्चुला लिम्पियाधुरा लिपुलेकमा पर्दछ ।

प्रमाणहरू :

– सुगौली सन्धिको आधारमा सर्वप्रथम नेपाल भारत संयुक्त टोलिले सन १८१८ ताका गरिएको संयुक्त सिमाङ्कनमा महाकाली नदीको मुहान कुटी पश्चिमबाट अन्तिम सीमा विन्दु लिम्पियाधुरा सम्म देखाइएको छ । सन् १८६० को प्रत्यार्वतन सन्धिमा दक्षिण पुर्व तर्फ को सवै भु-भागबारे उल्लेख भएतापनि उत्तर पश्चिम सीमावारे सन्धि मौन हुनु सुगौलि सन्धि ताकाको सिमाङकनलाई नै मान्यता दिएको यथेष्ठ पुष्ठी हुन्छ ।

– सन् १८२६ फेब्रूअरी-१ मा इष्ट इण्डिया कम्पनीद्वारा प्रकाशित कुमाउ गढवालको नक्शामा कालिनदीको उद्गम स्थल लिम्पियाधुरालाई निश्चित गरि निर्धारण गरिएको छ । यसको अर्को प्रमाणको रूपमा बेलायत वाट सन् १८३० र १८४६ मा प्रकाशित नक्शामा स्पष्ट लिम्पियाधुरालाई महाकाली मुहान देखाएको छ ।




– राणा शासन कालमा कुटी, नावी, गन्जी, छाडरू ,र तिकंर सिर्दो ( मालपोत) उठाउन भनि त्यहाका जिम्मावालालाई दिएको सदन पत्र अझै त्यहाका बृद्धहरूसँग सुरक्षित रहेको वताउँछन् । बि.सं. २०५३ मा महाकाली सन्धि गर्दा बखत महाकालिको उद्गम स्थलको प्रष्ट किटान नगरी हतारमा सन्धि गर्नु नै हाम्रो प्रमुख कमजोरी देखिन्छ ।

– सन् १९६१ म नेपाल चीन सम्झौता हुँदा लिम्पियाधुरालाई महाकालीको मुहान भनि स्पष्ट किटान गरिएको छ । यसलाइ १९७१ को नेपाल चीन सीमा प्रोटोकलले समेत थप स्पष्ट गरिएको छ । सन् २००१ नोभेम्वर १ मा कालापानीको विवादको सन्दर्भमा चीनका एक उच्च कुटनितिक अधीकारीले कालापानी र लिपुलेक नेपालको भुमि हो भनि यकिन साथ वताएका थिए ।

भारत-चीन-स्वार्थ :

भारतको राजधानी दिल्लीबाट चीनको सीमाना र कैलाश मानसरोवार पुग्ने सवभन्दा छोटो नाका ( लम्वाई ६५० कि.मि मात्र ) यही हो । भारतले राष्ट्रिय राजमार्ग घोषणा गरी ७२५ कि.मि भन्दा बढी डवल लेनको पक्कि सडक निर्माण गरिसकेको र वाँकी द्रुत गतिमा निर्माण भइरहेको छ । भविष्यमा यसलाइ सिल्करोड सम्म जोडेर स्थलमार्ग वाट युरोप सम्म पुग्ने भारतको चाहाना देखिन्छ । छोटो कैलाश, ओम पर्वत व्यास गुफा नक्कली कालापानी र काली मन्दिर लगायत धेरै धार्मिक तिर्थस्थलहरू यसै मार्गमा पर्ने हुदा यसको ठुलो धार्मिक, आर्र्थिथक एवं पर्यटकीय महत्व छ ।

लिम्पियाधुरा भन्दा लिपुको उचाइ झण्डै ५०० मि. कम भएको तथा यो नाका लिम्पियाधुरा भन्दा ५०/६० कि.मि छोटो र सजिलो रहेको हुदा भारतको स्वार्थमा त्रिदेशीय विन्दु लिपुलेक सारेको हो । भारतले यसैसँग नक्कली कालापानीको मुहान निर्माण गरि विसौँहजार हेक्टर नेपाली भुभागमाथी एककाधिकार कायम गर्न सफल भएको छ । साथै भारतले पहिले देखी कव्जागरेको गुन्जि देखी उत्तर पश्चिम क्षेत्रमा भविष्यमा उच्च बोध निर्माण गरि हजारौं मेघावट विद्युत उत्पादन गर्ने योजना रहेको देखिन्छ । यस क्षत्रमा पाइने दुर्लभ वन्यजन्तु कस्तुरी, न्याहुर, तथा, यार्सागुम्वा , पाचँऔले जस्ता वहुमुल्य जडिबुटी एवं प्राकृतिक स्रोत साधनले सम्पन्न भएको हुदाँ यसको विशेष महत्व भारतले स्पष्ट वुझेको छ ।

भारतका लागि यो नाका निकै सामरिक महत्व राखेको तथा चीनका लागी विश्वमा सवभन्दा नजिकको विशाल बजार भारत हुने भएकाले दुबै देशको आ-आफनो स्वार्थका बिचमा यो समझदारी वनेको स्पष्ट छ । यो सम्झौता सगैं चीनले राख्दै आएको विगतको अडानमा एक सय ८० डिग्री फरक पार्दै आफ्नो स्वार्थको अगाडी जे पनी गर्न तयार रहेको पहिलोपटक स्पष्ट पारेको छ ।

अन्त्यमा :

यो समस्या समधानका निमित्त सरकारले यो सगँ सम्वन्धित सम्पुर्ण दस्तावेजहरूको राम्रो सँग अध्ययन एवं विष्लेषण गरी पुर्ण तयारीका साथ दुवै छिमेकीसँग अलग अलग वार्ता गरी पुराना नक्शा एवं सम्झौताका आधारमा दह्रो अडान राख्दै पालैपालो मनाएर मात्र त्रिपक्षीय छलफलमा वसेर सन्धि संशोधन गराउनु एकमात्र प्रमुख विकल्प रहेको छ । साथै भारतीय प्रधानमन्त्रीको पछिल्लो नेपाल भ्रमणका अवसरमा सीमा विवाद समाधान गर्न (खासगरी कालापानी र सुस्ता ) दुवै देशका परराष्ट्र सचिव हरूको कार्यदल गठनगरि सुझाव पेश गर्न दिइएको निर्देशन तथा कार्यदलको प्रतिर्वदन एवं सुझाव नआउँदै लिपुलेकवाट व्यापार गर्ने भनि गरिएको सम्झौता नेपाल र नेपालीहरूको सार्वभौमिकतामाथीको ठाडो हस्तक्षेप हो ।